जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक २७, २०७४ साल कात्तिक १० गते शुक्रबार, नेपाल संवत् ११३८ (Oct. 27, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## नेपाललाई तेक्वान्दोमा ९ स्वर्ण

काठमाडौं । थाइल्यान्डमा सम्पन्न सातौं तिराक अन्तर्राष्ट्रिय च्याम्पिनिसिपमा नेपाली तेक्वान्दो टिमले ६ स्वर्ण ६ रजत र ९ कास्य गरी कुल २१ प्दक जितेको छ । थाइल्यान्डको बैंककमा सञ्चालित च्याम्पिनिसीपमा नेपालले फाइट र पुम्सेमा समान समान ३ स्वर्ण हात पारेको थियो । फाइटतर्फ अजित गुप्ता तेली, रेखमाया गुरुङ र पार्वती गुरुङले स्वर्ण जितेका थिए भने पुम्सेतर्फ नरमाया गुरुङ, जस्मिन गुरुङ र सन्ध्या थापाले स्वर्ण जितेको नेपाली टिमका प्रशिक्षक प्रकाशमान राजभण्डारीले जानकारी दिए । त्यस्तै फाइटमा बाँकी ८ पेजमा

## भारतीय राजदूतको अमर्यादित चलखेल

काठमाडौं । भारतीय संस्थापन पक्ष र भारतीय राजदुत मञ्जिब सिंह पुरीले प्रदेश नम्बर २ लगायतका स्थानमा सत्तारुढ नेपाली कांग्रेससँग मिलेर चुनाव लड्न राष्ट्रिय जनता पार्टी नेपालमाथि दबाब दिएका छन् । तर राजपाले उक्त दबाबलाई अस्वीकार गरेको छ । प्रदेश नम्बर २ को राजमार्ग क्षेत्र र अन्य प्रदेशमा तालमेल गर्न सकिने विकल्प मात्र राजपाले बताएका छन् । राजदुतले नामै किटेर निधिजी, अमेरशजी, किरणजी र पदमनारायण चौधरीलाई सहज हुने गरी चुनावी तालमेल गर्न दवाब दिएको राजपा नेताले बताएका छन् ।

# सी विचारधाराको नयाँ चिनियाँ युग

चिनियाँ राष्ट्रपति सी जिन पिङ चिनियाँ कम्युनिस्ट पार्टीका संस्थापक माओत्सेतुङपछिकै शक्तिशाली नेताका रुपमा स्थापित भएका छन् । विश्वको दोस्रो ठूलो अर्थव्यवस्था भएको मुलुक चीनलाई नेतृत्व गरिरहेको चिनियाँ कमयुनिस्ट पार्टीको १९ औं महाधिवेशनले विधानमा आधिकारिक रुपमा सी जिन पिङ विचारधारा समावेश गर्दै सीलाई शक्तिशाली स्थान दिएको छ । पार्टी महाधिवेशन अन्तिम सत्रले सीलाई माओत्सेतुङ सरहको स्थान दिँदै विधानमा 'नयाँ युगको चिनियाँ विशेषतासहित समाजवादबारे सी जिन पिङको आदर्श' भन्ने नारा समावेश गरेको छ । अब पार्टी विधानमा सीको नाम रहनुको अर्थ सीमाथि आउन सक्ने चुनौती समग्र कम्युनिस्ट पार्टीकै चुनौती मानिनेछ ।

महाधिवेशनले सीको सैन्य विचार र सैन्य शक्तिमाथि पार्टी नेतृत्वलाई समेत थप मजबुत बनाउने निर्णय गरेको छ । त्यस्तै महाधिवेशनले राष्ट्रपति सीले सन् २०१३ मा अगाडि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) समेत विधानको अंग बनाएको छ । चीनले सञ्चालन गरेको बीआरआई परियोजना एसियाली अर्थतन्त्रको एउटा सफल वर्तमान र भोलिको सफल इतिहास बन्न सक्छ । यो परियोजना एउटा आर्थिक तथा कूटनीतिक परियोजना हो जसले व्यापारलाई परिवर्तन गर्न सक्छ । यो परियोजनामा एसिया मात्र नभई युरोप र अफ्रिकी मुलुकहरुले सहभागिताको सुनिश्चित गर्दै अगाडि



बढेका छन् । सीले अघि बढाएको यो परियोजना २००० वर्षअगाडिको सिल्क रोडको सञ्जालले अभिप्रेरित छ । चिनियाँ सम्राट जंगिज खानले सुरु गरेको यो सञ्जाल आधुनिक चीनसम्म आइपुग्दा बीआरआईमा परिणत भएको छ । चीनको मुख्य उत्पादन सिल्कलाई निर्यात गर्न खोलिएको सिल्करोडले चीनलाई मध्य एसियाका साथै अरब राष्ट्रहरुसँग जोडेको थियो । आधुनिक चीनले अगाडि सारेको बीआरआई परियोजनाले सडक रेल सम्पर्कका साथै व्यापार विस्तारलाई अगाडि ल्याएको छ ।

सन् २०१२ मा चीनको राष्ट्रपतिमा निर्वाचित भएपछि सी जिन पिङ निरन्तर रुपमा शक्तिमा आफ्नो पकड कायम राख्दै आएका छन् । बेइजिङको ग्रेट हल अफ चाइनामा भेला भएका दुई हजारभन्दा बढी प्रतिनिधिले नयाँ युगका लागि चिनियाँ विशेषता सहितको समाजवादमा सी जिन पिङको आदर्श स्थापित गर्न सफल भएका छन् । विधानमा सीको नाम राख्ने विषयमा प्रतिनिधिहरुको विरोध छ वा छैन भनेर सोधिएको थियो । प्रतिनिधिहरुले चर्को आवाजमा छैन भनेका थिए । चीनमा अहिलेसम्म यस्तो सम्मान कम्युनिस्ट पार्टीका संस्थापक माओ र १९८० को दशकमा चीनका आर्थिक सुधारक देङ सिआओ पिङलाई मात्र दिइएको थियो । मृत्युपछि देङको नाम विधानमा उल्लेख गरिएको थियो । अब चीनका स्कुल तथा कलेजका विद्यार्थी र राज्यका कारखानाका कर्मचारी नयाँ युगको चिनियाँ विशेषतासहितको समाजवादबारे सी जिन पिङको विचारधारा पढ्न चिनियाँ कम्युनिस्ट पार्टीका नौ करोड कार्यकर्ताहरुसँग सहभागी हुनेछन् ।

सी जिन पिङको नयाँ युगलाई आधुनिक चीनको तेस्रो अध्ययनका रुपमा लिइन्छ । पहिलो अध्ययन अन्तर्गत गृहयुद्धले तहसनहस पारेको चीनलाई माओले एक ढिक्का बनाएका थिए । दोस्रो अध्ययनमा देङ सिआओपिङको नेतृत्वमा चीन समृद्ध भएको थियो । तेस्रो अध्ययन अन्तर्गत नयाँ युगमा राष्ट्रपति सीले देशलाई एक ढिक्का र समृद्ध बनाउनका साथै देशलाई अनुशासित बनाएका छन् भने देश बाहिर चीनलाई सशक्त प्रतिनिधित्व गरेका छन् । सन् १९२१ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टी २८ वर्षपछि सत्तामा आएको थियो । यो सँगै आफ्नो महाधिवेशनमा विधानलाई संशोधन गर्दै समयसापेक्ष बनाउँदै अघि बढेको छ । गरिबी विरुद्धको लामो यात्रा पार गर्दै दृढतापूर्वक संघर्षपछि हाम्रो पार्टीले चिनियाँ जनता र चीनलाई एकताबद्ध बनाई नेतृत्व गरिरहेको छ । हाम्रो पार्टीभित्र हामी सबैले जनताले जस्तै एउटै स्वास लिनुपर्छ ।

एउटै भविष्य साझा बनाउनुपर्छ र हामी निःस्वार्थ भई यी सिद्धान्तमा बाँधिनुपर्छ' राष्ट्रपति सीले भनेका छन् । यो उनको भनाइले पनि उनलाई चिनियाँ नेतृत्वमा शक्तिशाली नेताको रुपमा उभ्याएको बुझ्न सकिन्छ । उनले जनताको उच्च जीवनस्तरलाई केन्द्रमा राखेर आफ्ना सबै शक्तिहरु परिचालन गर्नुपर्ने बताएका छन् । पाँच पाँच वर्षमा हुने महाधिवेशनले चीनको आर्थिक नीति राजनीतिक नेतृत्वको तय गर्नेपर्छ । यस अर्थमा महाधिवेशन चिनियाँहरुको मात्र होइन, विश्व जगतकै ध्यान केन्द्रित हुने गर्छ । महाधिवेशनले विधान संशोधन गरेसँगै चिनियाँ कम्युनिस्ट पार्टीका तीन सिद्धान्तहरु मार्क्सवाद, लेनिनवाद माओ विचारधारा देङ सिआओपिङ सिद्धान्तसँगै सी विचारधारालाई तुलना गरिएको चिनियाँ समाचारपत्र सिन्हवाले जनाएको छ । यो संशोधनले नयाँ युगका लागि नयाँ विशेषतासहितको समाजवाद के हो ? हामीमाझ उठेका प्रश्नको जवाफ दिएको छ- सिन्हवाले भनेको छ ।

**के हो सी जिन पिङ विचारधारा ?**

सीको नयाँ युगको चिनियाँ विशेषतायुक्त समाजवादी विचारधाराले मूलभूत रुपमा आठवटा मौलिक मुद्दाहरुलाई स्पष्ट पारेको छ । यसले नयाँ य ुगमा चिनियाँ बाँकी ८ पेजमा

## प्रदेश प्रमुखको नियुक्ति कहिले ?

काठमाडौं । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन नजिकिँदै गर्दा पनि सरकारले प्रदेश प्रमुखको नियुक्तिमा कुनै चासो देखाएको छैन । यस विषयमा राष्ट्रपति विद्यादेवी भण्डारीले समेत प्रधानमन्त्रीसँगको भेटमा प्रसंग नै उठाएकी छन् । मन्त्रिपरिषद्का कुनै पनि बैठकमा प्रदेश प्रमुख नियुक्तिका विषयमा कुनै प्रसंग उठ्ने गरेको छैन । जबकि प्रदेश प्रमुख सरकारको प्रतिनिधिका रुपमा रहने गर्छन् ।

प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने संविधानको धारा १६८ मा उल्लेख छ । सरकारको सिफारिसमा सरकारको प्रतिनिधिका रुपमा रहने प्रदेश प्रमुखलाई राष्ट्रपतिले नियुक्त गर्ने व्यवस्था छ । संघीय संसदको सदस्य हुने योग्यता पुगेका, ३५ वर्ष उमेर पुगेका र कानुनद्वारा अयोग्य नभएको व्यक्तिलाई राष्ट्रपतिले नियुक्त गरी शपथ गराएपछि प्रमुखका रुपमा कार्यभार सुरु हुनेछ ।

संविधानको धारा १६३ मा प्रदेश प्रमुखसम्बन्धी व्यवस्था गरिएको छ । धारा १६३ को १ मा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने व्यवस्था छ । उपधारा २ मा राष्ट्रपतिले प्रत्येक प्रदेशका लागि एक प्रदेश प्रमुख नियुक्त गर्ने उल्लेख छ । यसरी नियुक्त प्रदेश प्रमुखको पदावधि राष्ट्रपतिले पदमुक्त गरेमा बाहेक पाँच वर्षको हुने संवैधानिक व्यवस्था गरिएको छ । धारा १६८ मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाका कुल संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था राखिएको छ ।

## मिचाहा गठबन्धनको विपक्षमा माले

काठमाडौं । नेकपा मालेमा बसेर अवसरको उपभोग गर्ने केही व्यक्तिहरुले पार्टीलाई योगदान दिने समय आएको बेला अन्तै पलाएन भएर अवसरवादी चरित्र देखाए तापनि मालेले लिएको सिद्धान्त, नीति, कार्यक्रम मन पराएर पार्टी प्रवेश गर्नेको क्रम भने बढिरहेको छ । तिहार अगाडि नेकपा मार्क्सवादीका दुई जना नेताहरु कार्यकर्ताहरुसहित नेकपा मालेमा प्रवेश गरेका छन् । यसरी प्रवेश गर्नेहरु नेताहरुमा सुरथ चौलागाई र मोहन कार्की रहेका छन् ।

नेकपा मालेको पार्टी कार्यालयमा आयोजित पार्टी प्रवेश तथा सपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव सीपी मैनालीले आफ्नो पार्टीबाट केही साथीहरु जानेर या नजानेर गलत बाटोतर्फ जान खोजिरहेका छन्- भीरबाट लड्ने गोरुलाई काँध हाल्न सकिँदैन भन्दै नेकपा माले कम्युनिस्ट एकताको विरोधी नरहेको बताउनुभयो । उहाँले वामपन्थी गठबन्धनको नाममा भइरहेको



पेलाहा मिचाहा गठबन्धनले कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्न नसक्ने भन्दै सबै कम्युनिस्ट पार्टीहरु मिल्न सक्ने सहमतिका सैद्धान्तिक र व्यावहारिक आधार तयार गरेपछि मात्र वास्तविक एकता हुन सक्छ भन्नुभयो । एकताका नाममा आफ्नो मात्र भोटको भकारी भर्ने एकतालाई कम्युनिस्ट एकता भन्न नमिल्ने दाबी उहाँले गर्नुभयो । रणनीतिक, कार्यनीतिक पक्षमा सहमति नभई हचुवाका भरमा गरिएको एकता व्यावहारिक र दिगो नहुने भन्दै महासचिव मैनालीले संघारमा आइसकेको निर्वाचनपछि नेकपा माले पनि विभिन्न बाम घटकहरुसँग घनिभूत रुपमा छलफल गरी बाम एकताको अभियानमा जुट्ने बताउनुभयो । उहाँले नयाँ प्रवेश गर्ने कामरेडहरुलाई पार्टीमा स्वागत गर्दै सपथ ग्रहण गराउनुभएको थियो ।

नेकपा मालेका संगठन विभाग प्रमुख डम्बर श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रमलाई पार्टी प्रवक्ता कुमार वेल्वासेले सञ्चालन गर्नुभएको थियो ।

यसैबीच दोलखाका पुराना कम्युनिस्ट नेता लालकुमार केसी एमाले परित्याग गरी आफ्ना समर्थक शुभेच्छुक र पार्टी कार्यकर्ताहरुसहित नेकपा माले प्रवेश गरी दोलखा प्रदेशसभा 'ख' बाट उम्मेदवार बन्नुभएको छ । दोलखा जिल्लाका प्रभावशाली नेता केसीको उम्मेदवारीले त्यस क्षेत्रका जनतामा उत्साह बढाएको छ । एमालेभित्र मौलाएको अवसर खोस्ने र खुट्टा तान्ने प्रवृत्तिबाट दिक्क भएर एमाले परित्याग गरेको प्रतिक्रिया केसीले दिनुभएको छ ।

## प्रतिभा पुरस्कार स्थापना

**काठमाडौं । किराँत यक्सो (माबुहाङ) प्रतिभा वर्ष पुरस्कार स्थापना गरी यक्सो परिवारले समाज सेवामा अग्रसरता देखाएको छ । उक्त संस्थाका अध्यक्ष अधिवक्ता तेजबहादुर यक्सोका अनुसार समाजसेवा, कला संस्कृति, साहित्य, शिक्षा, खेलकुद, पत्रकारिता लगायतका क्षेत्रमा यक्सो परिवारका विशिष्ट योगदान पुऱ्याउने प्रतिभालाई वार्षिक रूपमा पुरस्कार दिने निर्णय संस्थाले गरेको छ । पुरस्कारको राशि रू. १० हजार रहेको छ ।**

**किराँत यक्सो (माबुहाङ) परिवार कल्याण कोषका संस्थापकहरूमा तेज यक्सो, राजकुमार दिक्पाल, काजीमान यक्सो, सुरेश यक्सो, भीम यक्सो, मोहन यक्सो, भुवनसिंह यक्सो, रेनु यक्सो बनेम, मलिसा यक्सो थापा, रोसन यक्सो र खगेन्द्र यक्सो रहेका छन् ।**

## छठ धूमधाम मनाइयो



तराई-मधेसका विभिन्न जिल्लामा धेरै समुदायले एउटै घाट (पूजास्थल) मा सामूहिक रूपमा बिहीबार अस्ताउँदो सूर्य र शुक्रबार उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व मनाइरहेका छन् ।


पूर्वी तराई, मध्य तथा पश्चिमी तराई र राजधानीमा बसाइसराइ गरी आएका रैथाने मुस्लिम समुदायका सर्वसाधारण र गैरमधेसीले पनि छठ मनाउन थालेका छन् । छठको आस्था र विश्वास आआफ्नै भए पनि प्रायः तीन प्रकारका आस्था राख्नेहरूले यो पर्व मनाउने गरेको पाइन्छ ।

परम्परागत रूपमा पूजा गर्नेहरूको तत्काल असाध्य रोग निवारण हुने विश्वास, पुत्र प्राप्तिको आशा र चिताएको कार्यसिद्धिको भाकल पूरा हुने विश्वासमा छठ बाँकी ८ पेजमा

## समय-सन्दर्भ | संसारलाई नै नयाँ दिशा दिने रूसी अक्टोबर क्रान्ति

**राजेन्द्र शर्मा**

भ्लादिमिर इलिच लेनिनको नेतृत्वमा रुसमा अक्टोबर क्रान्ति सम्पन्न भएको सय वर्ष पुगेको छ । विश्वका थुप्रै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले अक्टोबर क्रान्तिको सम्झना गर्दै सभा ऱ्याली गरेका छन् । नेपालमा पनि विशेषतः नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले खुलामञ्चमा भव्य जनसभा सम्पन्न गरेर अक्टोबर क्रान्तिको सान्दर्भिकता अझै रहेको उद्घोष गरेको छ । २५ अक्टोबर १९१७ को साँझ ९:४० बजे सेन्टपिटर्सबर्गमा राखिएको औरोरा जहाजबाट तोप पड्काइयो । रुसको त्यसबेलाको राजधानीलाई तोपको आवाजसँगै मजदुर किसान र सिपाही



एकैचोटि परिचालित भए र राजधानीलाई क्रान्तिकारीहरुले कब्जामा लिए । फेब्रुअरीमा भएको पुँजीवादी शासनले जार शासन विस्थापित भइसकेको थियो । अक्टोबर क्रान्तिले करेन्स्कीको सरकारलाई विस्थापित गरिदियो । २६ अक्टोबरका दिन रुसी क्रान्तिकारी परिषद्ले सोभियत सरकारको गठन गर्दै जमिन जोत्नेको र शान्तिको घोषणा गऱ्यो । कार्लमार्क्सले समानता र समतामूलक समाज बनाउने जुन परिकल्पना गरेका थिए त्यसलाई अक्टोबर क्रान्तिले पूरा गरेको थियो । मानव सभ्यतामा थुप्रै क्रान्तिहरु भएका छन् तर अक्टोबर क्रान्ति यस्तो क्रान्ति थियो जसले युगलाई नै परिवर्तन गरिदिएको थियो । यो त्यस्तो क्रान्ति थियो जसले हुँदा खानेहरुले हुने खानेहरुमाथि विजय प्राप्त गरेका थिए ।

लेनिनले जुन समयमा रुसमा क्रान्तिको बिगुल फुकेका थिए त्यसबेला रुसमा वर्गीय खाडल अत्यन्त गहिरिएको थियो । तीस हजार मानिसहरुका मुठ्ठीमा एक करोड मानिसको जमिन रहेको थियो । गरिबीको संख्या पैसठ्ठी प्रतिशतभन्दा बढी थियो । कलकारखानाहरु धमाधम बन्द हुँदै थिए । बेरोजगारहरुको संख्या बढेको थियो । नागरिक असुरक्षाले रुसीहरु चिन्तित थिए । मजदुरहरुमाथि चर्को शोषण कायम थियो । रुसको त्यसबेलाको परिस्थिति र अहिले नेपालको परिस्थिति उस्तै छ । त्यही कारण पनि अक्टोबर क्रान्तिको उपादेयता अझै रहेको छ । उपनिवेश र साम्राज्यवाद विरोधी आन्दोलनको बलियो सहयोगी रह्यो अक्टोबर क्रान्ति । एक अमेरिकी इतिहासकारले लेखेका छन्- अक्टोबर क्रान्तिले सत्तरी दिन काटेपछि आयोजित सभा चलिरहँदा बाहिर बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

सम्पादकीय

# निर्वाचनको माहोलले प्रभावित विकास निर्माण

यो वर्ष निर्वाचनको वर्ष बन्न पुग्यो । झन्डै दुई दशक रोकिएको स्थानीय निर्वाचन नयाँ संविधानको व्यवस्थाबमोजिम सम्पन्न भएर स्थानीय तहले नयाँ नेतृत्व पाइसकेको छ भने प्रदेश र संघीय संसदको निर्वाचन प्रक्रिया अघि बढिसकेको छ । आर्थिक क्षेत्रका विश्लेषकहरूले निर्वाचनले अर्थतन्त्र चलाएमान बन्ने भन्दै छन् भने विकास निर्माण प्रभावित हुने आँकलन पनि गरेका छन् । सबैको ध्यान निर्वाचनमा केन्द्रित हुँदा विकास निर्माणका कार्यमा अवरोध आउन सक्ने पूर्वअनुमान अस्वाभाविका होइन । कुनै प्रकारको बाधा, व्यवधान नभएका समयमा समेत विकास बजेट ५० प्रतिशतभन्दा बढी खर्च गर्न नसक्ने हाम्रो सरकारी संयन्त्रले यसपटक निर्वाचन राम्रो बहाना भेट्टाएको छ । 'सरकारी काम कहिले जाला घाम' को मानसिकताबाट कर्मचारीतन्त्र अझै माथि उठ्न सकेको छैन भने मुलुक हाँक्न बसेको भ्रष्ट नेतृत्वको तमासा साँच्चीकै हेर्न लायक छ । १५ जना मन्त्रीले सञ्चालन गर्न सक्ने मन्त्रालयमा दर्जनौं मन्त्री र काम अनि जिम्मेवारी बिनाका बिनाविभागीय खञ्चुवा टोलीसमेत सरकारमा समाविष्ट रहेका छन् । मन्त्रिपरिषद्को आकार र खर्चको आकार बढे पनि मुलुकको विकास कछुवा शैलीमा नै अघि बढिरहेको छ । यसको उदाहरण सबैतिर हात हाल्दै अधुरो छोड्दै गरेका विकास निर्माणका कामहरूमा स्पष्ट देखिन्छ ।

सरकारी संयन्त्रको कछुवा शैलीको ठूलो मारमा भूकम्पपीडितहरू परिरहेका छन् । राणाकालीन अवस्थामा समेत भूकम्पले क्षति पुऱ्याएका भौतिक संरचनाको पुनः निर्माण सम्पन्न गरी धरहरालाई समेत पूर्ववत अवस्थामा ठड्याएर भूकम्पको क्षतिको स्मरणमा नयाँ सडकमा भूगोलपार्क निर्माण गरेको उदाहरण अहिले पनि देख्न सकिन्छ । भत्किएको धरहरा निर्माण त परको कुरा भयो जनताको भत्किएको बास पुनःनिर्माण गर्नसमेत सरकार निकम्मा सावित भएको छ । विशाल महलमा बसेर आनन्दको जीवन बिताइरहेका प्रधानमन्त्री र अन्य मन्त्रीहरूलाई भत्किएका छाप्रामा र पालमा हिउँद, वर्षा बिताउने पीडितको वेदना पक्कै पनि थाहा नहुन सक्छ । यदि थाहा हुन्थ्यो भने पुनःनिर्माण प्राधिकरणको जिम्मा एउटा दिगो र जिम्मेवार, सक्षम व्यक्तिलाई दिइने थियो । तीन वर्ष नपुग्दै चार पल्ट फेरिएको प्राधिकरणको नेतृत्व र प्राधिकरणलाई राजनीतिक क्रिडाभूमि बनाउने सरकारलाई कुनै हालतमा जनउत्तरदायी र जिम्मेवार मान्न सकिँदैन । पुनःनिर्माणमा फोहोरी राजनीति गरिँदा पाँच लाखभन्दा बढी जनता अझैसम्म अस्थायी टहरामा गुजारा गर्न बाध्य छन् । अर्बौं बजेट भएको पुनःनिर्माण प्राधिकरण सत्ताका नेतृत्वकर्ताहरूको स्वार्थमा जोडिएको छ । आफ्नो मान्छेलाई प्राधिकरणको कार्यकारी प्रमुख बनाएर प्राधिकरणलाई दुहुनो गाई बनाउने मानसिकताको उपजकै कारण प्राधिकरणले काममा गति लिन नसकेको भन्दा कुनै अत्युक्ति नहोला ।

भूकम्पको पुनःनिर्माण अधुरै रहेको अवस्थामा यस वर्ष तराईमा बाढीले समेत ठूलो क्षति पुऱ्याएको छ । बाढीले भत्काएका पुलपुलेसा, तटबन्ध, सरकारी भौतिक संरचनाका अतिरिक्त जनताका घरबासको पुनःनिर्माण कहिले हुने हो ? हिउँद याममा घाम तापेर समय खेर फाल्यो अनि फेरि वर्षा लाग्न थालेपछि कनिका छरे जसरी बजेट छरेर जनताको आँखामा छारो हाल्ने काम गऱ्यो जस्ता प्रवृत्तिले मुलुक कहिले पनि अघि बढ्न सक्दैन । एक दशकभन्दा लामो समय बितिसक्दा समेत माओवादी जनयुद्धमा भत्किएका संरचनाको पुनःनिर्माण हुन नसक्नुलाई पनि सरकारको लापर्बाहीपूर्ण कार्यशैलीका रूपमा लिन सकिन्छ । पुरानो भत्के-बिग्रेको मर्मत गर्न नसक्ने सरकारले रे लको सञ्जाल मुलुकभर बिछ्याउने, मेट्रोसिटी बनाउने जस्ता गफ लगाएर जनता ढाँट्ने काम भने गर्न छाडेको छैन । मुलुक चुनावी माहोलमा होमिएको भए पनि यसको बहानामा विकास निर्माणका कामलाई प्रभावित बनाउने कार्य सरकार र कर्मचारीतन्त्रबाट गरिनु हुन्न । बहानाबाजी र झूटको खेतीले विश्वकै भ्रष्ट र कंगाल बनेको मुलुकलाई अग्रगति दिन नेतृत्वदायी ठाउँमा बस्नेहरू सुध्रन जरूरी छ ।

# अन्ततः देशको स्वतन्त्रता बाजीमा परेको छ



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

अहिले जसरी एकातर्फ नेपाली कांग्रेसको नेतृत्वमा तथाकथित लोकतान्त्रिक गठबन्धन र एमालेको नेतृत्वमा तथाकथित वाम गठबन्धन बनिरहेको छ, त्यसलाई साँच्चैको ध्रुवीकरण ठानी जसरी साना दलहरुले ठूला दलहरुमा आफूलाई विलिन गर्दै लगेका छन्, त्यसले अन्ततः देशको स्वतन्त्रता नै बाजीमा परेको छ । देशको स्वतन्त्रता बाजीमा परेको कुरा नेपाली मतदाताहरुलाई थाहा नहोस् भनेर कांग्रेसले आगामी चुनावमा वाम गठबन्धनले दुईतिहाइ बहुमत ल्याएमा नेपालको शासन व्यवस्था चीन, उत्तर कोरिया वा क्युवाको जस्तो क्रुर हुने भन्दै आफ्नो पक्षमा दुईतिहाइ बहुमत दिन आग्रह गरिरहेको छ ।

अर्कोतिर विनाराजनीतिक स्थायित्व देशले आर्थिक विकास गर्न नसक्ने भन्दै कार्यकारी राष्ट्रपतिको नारा धन्काउँदै बाम गठबन्धनले पनि जनतासँग दुईतिहाइ बहुमत माग्दै छ । यदि दुवै ध्रुवलाई शासन मात्र चलाउनु थियो भने साधारण बहुमतले मात्रै स्थायी सरकार बनाउन पुग्दथ्यो तर यिनीहरु दुबै दुईतिहाई बहुमत किन माग्दै छन् त्यसको सोझो अर्थ भनेको शासन मात्रै चलाउनु होइन, आफू अनुकुल संविधान संशोधन गर्नु हो ।

देउवाले भारत भ्रमणताका आफ्नो प्रभुलाई खुसी पार्न चुनावबाट दुईतिहाइ बहुमत पुऱ्याई पुनः संविधान संसोधन गरी भारतीय मधेशीहरुलाई नेपाल हुली बैधानिक रुपबाटै नेपाललाई सिक्किम बनाइदिने प्रतिबद्धता जाहेर गरेका छन् । त्यही उद्देश्य माओवादीको पनि हो भन्ने कुरा संविधान संसोधनको पक्षमा माओवादीले मत हालेको कुराले नै प्रस्ट पारेकै हो । विगत महाकालीमा राष्ट्रघात गर्ने एमालेहरु अब्बल दर्जाका राष्ट्रवादी होइनन् भनेर उनीहरु आफैंले प्रमाणित गरिसकेको अवस्था अर्कोतिर छ ।

बामगठबन्धनको नाममा एमालेलाई पनि आफूतिर खिच्न सफल भएको भारतीय गुप्तचर संस्था रअले यसै चुनावमार्फत नेपालका खाटी राष्ट्रवादी दल माले र नेमकिपाहरुको जरो उखेल्ने प्रयास गरिरहेको छ । जुन गठबन्धनको बहुमत आए पनि संविधान ससोधन हुने अनि संसोधित संविधान अनुसार करोडौंको संख्यामा भारतीय आप्रवासीहरुलाई नेपाल हुली नेपाली नागरिकता दिने,अनि जनसंख्याको आधारमा मात्रै चुनाव क्षेत्र कायम हुने अनि त्यसपछि उनीहरुको दुईतिहाई बहुमत पुग्ने अनि देशलाई वैधानिक रुपबाटै सिक्किम बनाउने यो रणनीतिको अन्तिम कडीको रुपमा यो चुनावको प्रयोग हुँदै छ भनेर जाने हुन्छ होइन भने कसैले पनि सपनामा नसोचेको एमाले माओवादीबीच कसरी एकता सम्भव भयो त ?

हिजोसम्म स्थानीय चुनावमा सबैभन्दा ठूलो दल बन्न सफल भएको भनी नाक फुलाउने एमालेहरुलाई संसदीय चुनावमा किन माओवादीको वैशाखीको जरुरत पऱ्यो त ? नेपाललाई संबैधानिक राजतन्त्र हिन्दु राष्ट्र बनाउन चाहनेहरुलाई समेत आफ्नो गठबन्धनमा ल्याउन काग्रेसलाई किन आवश्यकता पऱ्यो त ? यी प्रश्नहरुको उत्तर खोज्ने हो भने नेपाली राजनीतिक आकाशमा एकपछि अर्को गर्दै जुन परिदृश्यहरु देखिँदै छन् त्यो रअको नयाँ गोटीचाल हो भनेर बुझ्नुबाहेक अन्य कुनै विकल्प हुनु सम्भव नै छैन । नेपाललाई सिक्किम बनाउन पाउँदा दक्षिण एसियामा भारतको अर्को कुटनीतिक सफलता हुन्छ भने नेपाललाई आधार शिविर बनाई चीन विखण्डन गरी तिब्बत स्वतन्त्र बनाउन अमेरिका र यसका पश्चिम युरोपेली देशहरुलाई समेत सजिलो हुन्छ । सन् १९६२ को युद्धमा चीनसँग भारतले युद्धमा जसरी पराजय भोग्नु पऱ्यो त्यसको बदला जसरी पनि लिन भारत उद्दत छ र आफूलाई दक्षिण एसिया र कालान्तरमा चीनलाई उछिनी विश्वकै महाशक्ति बनाउन भारत चाहन्छ । नेपालको जलस्रोतलाई एकलौटी बनाउन नपाउने अवस्थामा भारतले कदापि आर्थिक समृद्धि हासिल गर्न सक्तैन भन्ने कुरा पनि उसलाई राम्रै थाहा छ र त्यसकारण पनि भारत नेपालको आसन्न चुनावमार्फत नेपाललाई सिक्किम बनाउन बेस्सरी लागि परेको अवस्थामा यस चुनावको कारण अन्ततः नेपालको स्वतन्त्रता बाजीमा परेको छ ।

# आफैंतिर फर्केर हेर्दा (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

गएको अंक अर्थात् २०७४ असोज २७ गते शुक्रबार छापिएको यही लेखकको यही शीर्षक (२) मा सुरुमै 'कर्णाली नदी अहिले नेपाल प्रवेश गर्ने हिल्सा पारिसम्मै नेपाल हो' भन्ने वाक्य परेको छ । वास्तवमा ठीक कर्णाली पुलपारि नेपालको सिमाना रहेछ । त्यसैले त्यो लेख्नु स्वाभाविकै हो । त्यताबाट लिमी (नेपाल) तिर जान मिल्ने स्थानीयको भनाइ हो । खेचरनाथ, मानसरोवर तथा कैलाश चीनतिरै छन् । साथै पूर्व अंक २०७४ जेठ १९ गते आफैंतिर फर्केर हेर्दा (१) प्रकाशित लेख्नुपर्नेमा गते मात्र अन्यथा पर्न गएछ । अर्को कुरा ' ब्रह्मस्थानको वेदना २०६४ छापिँदा नै स्थानीय पौराईका प्रकाशकद्वय लक्ष्मण न्यौपाने तथा रामशरण तिमिल्सिनाको प्रकाशकीय २०६३ चैत १ गते लेख्नुपर्ने समेतमा अन्यथा पर्न गएछ ।

(१) 'नेता तिमी छौ भरे' : यो शीर्षकको कविता २०६४-१०-१७ मा लेखिएको भनी पटक पटक प्रकाशकज्यूहरुले छाप्नुभएकै छ । अहिले पूर्वराजा ज्ञानेन्द्रबाट २०७४ भाद्र टीकाका दिनमा दिएको वक्तव्यबाट केही तरंगहरु आइरहेका छन् । वास्तवमा यो देश नेपाल सञ्चालन गर्न एउटा नेता चाहिन्छ । त्यो राजा पनि हुन सक्ने हुनाले आदिम समयमा जनताद्वारा स्वीकार गरिएको हो भन्न केही बाधा छैन । कुनै पनि व्यक्तिको कामलाई जनताले सुविधा, मान र प्रतिष्ठा दिने हुन त्यसै होइन । त्यसैले राजा पनि नेता नहुन सक्ने कुनै कारण देखिँदैन । आफ्ना जनता सर्वेसर्वा नमान्ने कुनै नेतै हुन सक्दैन । राजा पनि त्यस्तो भए सुविधा दिनैपर्छ भनी २०६४-१०-१७ मा नै यो हरफकर्ताको राय प्रस्ट नै छ । नेताहरु असफल भएका आफैं खुसीसाथ पन्छेका राजालाई विचार-विमर्शमा समावेश नगरेकै हो ।

(२) टिस्टा काँगडा- यो कुरा लेखकको मात्र होइन, प्रकाशक ग्रेटर नेपाल साप्ताहिक परिवारको पनि हो । भारत सरकार बेलायत सरकार तथा नेपाली जनताको पनि चासो हुनैपर्ने भयो । यस्तो थिएन भने दार्जिलिङका सुवास घिसिङ समेतले मान्नु हुने थिएन । यसैको निर्क्यौल हुनुपर्छ भनी भारतका पूर्वप्रधानमन्त्री मनमोहनले हाम्रा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईसँग भनेकै सिलसिलामा वर्तमान नेपाल सरकार तथा भारत सरकारले १९५० इ.सं.को सन्धिहरु समेतमा विचारार्थ प्रबुद्ध समूहहरु गठन गरेका हुन् र यसमा यही शीर्षक आफैंतिर फर्केर हेर्दा (१), (२), (३) पनि अडेकै छन् । पूर्वतयारीको लागि भारत तथा नेपालमा समय समयमा बैठक भएकै छन् हुने नै छन्, सीमा नियमन यसैको पूर्वस्वरुप हुने नै भयो ।

(३) भारत-नेपाल सीमा नियमन

सिमाना भारत नेपालको तर शंका पाकिस्तानी आदिको प्रवेश नेपालतर्फबाट हुने गरेको छ कि ? भन्ने भारतको शंका थियो । चीनतर्फ पनि भारतको १९६२ मा लडाइँ नै भएकाले त्यतातर्फ पनि शंका नहुने कुरै थिएन । हालै भारतीय तथा नेपाली प्रबुद्ध व्यक्ति बैठक काठमाडौंमा हुँदा भारतीय प्रबुद्ध सदस्य भुवनचन्द्र उप्रेतीले खुला सिमाना भएको नेपाल भारत सिमानाका ७० भन्दा बढी निरीक्षण स्थानबाट आवतजावत गर्दा फोटोसहितको परिचय पत्र बोक्नुपर्ने प्रणाली विकास गर्नुपर्छ भनी आफ्नो सुझाव पेश गर्नु हुँदा नेपाली सदस्यहरुले आवतजावतलाई प्रभावित नपर्ने गरी अभिलेख राख्न फोटोसहितको परिचयपत्र लिनुपर्ने कुरा विकास गर्न सहमति नै जनाइएको बुझियो ।

पहिले पहिले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नै पनि दुवै देशको खुला सिमानामा दुवै सुरक्षाकर्मीको सम्बन्ध सुदृढ हुनुपर्छ भन्नु हुँदा रोटीबेटीको कुरा पनि उठ्थे । रोटीबेटीको सम्बन्ध नेपाल तथा भारतको र भारत-चीनसँग मात्र होइन विश्वभरमै हुँदा पनि दुवैले कसैलाई रोक्न सक्ने कुनै सम्भव नहुँदा बरु तिब्बत भएर चीनको रेल कपिलवस्तुतिर आउला अथवा हवाईजहाजबाट पाकिस्तान आदि विश्वभरको आवागमन पनि दुवै देशले दुवैलाई रोक्न नसक्ने त छँदैछ । विभिन्न योजना आदिमा आएका विश्व समुदाय तथा आफ्नै र छिमेकीलाई परिचयपत्रमा फोटो टाँसेर आवतजावत गर्ने भयो भने हामी दुवै भारतीय र नेपालीले आफ्नो जिउधनको सुरक्षा गर्न सकौंला भन्नुपर्ने नै भयो । दुवै देशले आफ्ना आफ्ना कानुनअनुसार नागरिकता दिन अथवा नदिन र शान्ति सुरक्षातर्फ मात्र विचार गरेर यथोचित व्यवहार गरे हुने नै भयो ।

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# प्रकृति र मानवनिर्मित संस्कृति

विश्वका प्रायः सबै अध्यात्म दर्शनहरूले सूर्य, चन्द्र, भूमि, हावा, पानी, वृक्षहरूलाई शक्ति मानी त्यसको पूजा र आराधना गर्छन् । यो श्रद्धा राम्रो कुरा हो किनकि संसारका सबै वनस्पति, प्राणी, कीटपतङ्गको एक मात्र सृष्टिकर्ता यही प्रकृति हो अर्थात् पर्यावरण ।

प्रकृतिलाई पूजा गर्ने औपचारिक परम्पराचाहिँ बस्ने तर त्यही प्रकृतिलाई दैनिक क्रियाकलापहरूबाट नष्ट गर्ने कार्य पनि आज विश्वव्यापी संस्कृतिजस्तै बनिरहेछ । उपमाका लागि नदीको महानता गाउने तर त्यही नदीमा फोहोरको डङ्गुर लगाउने, घातक रसायन र प्लास्टिकको बाढी हुल्ने तथा जाल, करेन्ट, विष र बमहरू प्रयोग गरेर माछा मार्ने; त्यसरी नै सूर्यको पूजाचाहिँ गर्ने तर ओजोन रक्षा तहलाई नष्ट गर्ने क्लरोफ्लुरो कार्बन उत्पादन हुने एअर कुलर, रेफ्रिजेरेटर, फोम, डनलपहरू अन्धाधुन्ध प्रयोगमा ल्याउने र आकाशमा कुइरीमण्डल छाउने धुवाँ र धुलोको मुस्लो छोड्ने; भूमिको महानता गाउने तर त्यही भूमिलाई नष्ट गरी बनाइने इँटा, सिमेन्ट र छडहरूबाट निर्माण भएका भवनहरू ज्यादै मन पराउने तथा माटोमा रासायनिक मल र कीटनाशक औषधिहरू अत्यधिक प्रयोग गर्ने; वृक्षलाई महान् मानी त्यसको महिमा गाउने तर वनजङ्गलको विनाश भइरहँदा बेवास्ता गर्ने, अनावश्यक काठपातहरू प्रयोग गर्ने र परम्पराको नाममा काठ, दाउरा जलाएर खरानी पार्नेजस्ता धेरै कुराहरू धरतीप्रतिकूल जीवन दर्शनका परिणाम हुन् ।

प्रकृति विनाश गर्ने चाहे धार्मिक पुरातनवादीहरू हुन् वा तथाकथित आधुनिक भौतिकवादी, दुवैविरूद्ध विचारधारात्मक र व्यावहारिक दुवै मोर्चामा डटेर सङ्घर्ष गर्नुपर्ने र ती दुवैमाथि विजय पनि हासिल गर्नुपर्ने युगको माग हो । अन्यथा ब्रह्माण्डमा विशिष्ट स्थान ओगटेको तर मानवीय गतिविधिकै कारण चरम सङ्कटमा गुज्रिरहेको यो महान् ग्रहको सुरक्षा हुने अरू कुनै जादुको छडी छैन । यो ऐतिहासिक जिम्मेवारी आज विश्वभरका पर्यावरणवादीहरूका काँधमा आइपरेको छ । जसले मानवसमाज व्यवस्थाको संरचनाबारे पनि सोच्न बाध्य बनाएको छ । किनकि पृथ्वीलाई आफ्नो कब्जामा लिने यो सचेत प्राणीले नै विरूप बनेको धरतीमा पर्यावरणीय परिवर्तन ल्याउन सक्छ ।

२०५० साउनमा देवघाट-वागीश्वरीको बयालिस बिघा प्राकृतिक जङ्गल नेपाल सरकारले विदेशीलाई मेडिकल कलेज खोल्न दिएपछि त्यसविरूद्ध यहाँका पर्यावरणवादी, सामाजिक, धार्मिक, राजनीतिक सङ्घसंस्था र व्यक्तित्वहरू निरन्तर सङ्घर्ष गर्दै आए । सर्वोच्च अदालतमा परेको रिटमाथि पनि २०५३ वैशाख १७ गते जनप्रिय फैसला भएको छ र प्रतिवादी तत्कालीन श्री ५ को सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयलगायत अरू सबै निकायहरू पराजित भएका छन् । अब यस घटनाबाट सरकारले गम्भीर पाठ सिक्नुपर्छ, मेडिकल कलेजका व्यवस्थापकहरूले वागीश्वरीको जङ्गल क्षेत्रबाट आफ्ना सम्पूर्ण संरचना पनि तुरून्तै हटाउनुपर्छ र अधिकार सम्पन्न देवघाट क्षेत्र विकास समितिले यस स्थललाई उत्कृष्ट पर्यावरणीय, ऐतिहासिक र धार्मिक क्षेत्रको निर्माण र विकास गर्न तत्काल आवश्यक कदमहरू चाल्नुपर्छ ।

यहाँ सरकारसँग दुइटा मागहरू छन्–

१. हिमालदेखि समुद्रसम्म करोडौं वर्षअगिदेखिको अविच्छिन्न प्राकृतिक सम्बन्धलाई गण्डक बाँध, मर्स्याङ्दी बाँध र त्रिशूली बाँधहरूले केही दशकयतादेखि टुटाइदिएका छन् । तसर्थ हरेक वर्षको वैशाखको सुरूदेखि मध्यअसारसम्म यी सबै बाँधका केही ढोकाहरू पूर्ण रूपले खोलियोस् । यसले आंशिक रूपमा भए पनि हिमाल र समुद्रको सम्बन्धलाई जोड्नेछ । यस्तो कुरा मुलुकका अरू नदीका बाँधहरूमा पनि लागू हुनेछ । अनि मर्स्याङ्दी बाँधले झन्डै ४ कि.मि. सम्म सुक्खा पारेको नदीको साबिक मार्गमा १० क्युसेक पानी सधैं छोडियोस् । यो धरतीमा स्वतन्त्र जलचर र स्थलचरहरूले पनि बाँच्न पाउनुपर्छ ।

२. झन्डै १५०० जति ठूलासाना नदी र खोलाहरू रहेका सप्तगण्डकीका ती सम्पूर्ण नदी र खोलाका शिरदेखि पुछारसम्म ५० मिटरदेखि १ कि.मि. सम्मका तटीय क्षेत्रहरूमा व्यापक वृक्षरोपण गरियोस् । तीमध्ये पर्ती, ऐलानी जमिनहरूमा अबदेखि नापी नगरियोस् । दर्ता भएका भूभागहरूको लगत कट्टा गरी जनतालाई मुआब्जा दिएर त्यहाँ वन विस्तार गरियोस् । बचेका प्राकृतिक वनको संरक्षण गरियोस् । यी सम्पूर्ण कार्यका लागि स्थानीय जनताको सहयोग लिने र उनै जनतालाई प्रोत्साहन र प्रश्रय दिने नीति अपनाइयोस् ।

अन्तमा, यहाँको प्राकृतिक वातावरण तथा जनता र राष्ट्रको भाग्य र भविष्यसँग गहिरो सम्बन्ध राख्ने माथिका दुइटा मागहरू पूरा गर्न धरतीप्रेमी नारी, किसान, मजदुर, विद्यार्थी, बुद्धिजीवी, व्यापारी, पत्रकारलगायत सम्पूर्ण जनसमुदायबाट सहयोगको अपेक्षा राखिएको छ ।

# मैले देखेको सत्रौं विश्व सम्पदा : एथेन्सको आक्रोपोली

सुरेन्द्र ढकाल



आक्रोपोलीबाट देखिने एथेन्स सहर



आक्रोपोलीमा रहेको आथेना निके मन्दिर



आक्रोपोलीमा रहेको एरेकथियोन



आक्रोपोलीमा रहेको पार्थेनन



आक्रोपोलीमा रहेको क्लेप्सिद्राको पानीको फोहरा



आक्रोपोलीको प्रोपिलाइया अगाडि अरू पर्यटकसँगै सुरेन्द्र ढकाल

इटली र फ्रान्सको राजधानी पेरिसको विश्व आश्चर्य र विश्व सम्पदाहरुको अवलोकन गरिसकेपछि मलाई ग्रीसको एथेन्स र टर्कीको इस्तानबुल सहर अवलोकन गर्ने कौतुहलता जाग्यो । युरोप आएको अवसरमा यी दुई सहर नहेरी नेपाल फर्कने हो भने भविष्यमा फेरि युरोप आउन पाउने नपाउने के ग्यारेन्टी ? पेरिसबाट फर्केपछि आफ्नो दोस्रो त्रैमासिक कक्षा सुरु भइसकेको थियो । त्यो सत्रको अन्त्य मार्चमा हुने हुँदा सन् १९८७ को मार्चसम्म रोमको पढाइ छाडेर घुम्न जान सक्ने कुरा पनि भएन । जे होस त्रैमासिक शैक्षिक सत्रको अन्त्यसँगै टर्की र ग्रीस जाने सोच मनमा राखेँ । त्यसको केही दिनपछि कलेजबाट डेरा फर्कंदा रेलवे स्टेसन गएर ग्रीसको एथेन्स हुँदै टर्कीको इस्तानवुलसम्म रेलको भाडा कति पर्छ भन्ने कुरा बुझ्न गएँ ।

रेलवेका कर्मचारीहरुले १५ दिनको ५०० डलरको युरेल टिकट लिएर जाँदा सबैभन्दा सस्तो पर्ने बताए र सोही टिकटले रेल भएको ठाउँमा रेल नभएको ठाउँमा बस र पानीजहाज पनि चढ्न पाइने बताएपछि मैले त्यसतर्फ लाग्ने निर्णय गरी त्रैमासिक सत्रको अन्त्यको प्रतिक्षामा बसेँ । मार्च २३ तारिखमा सत्रको अन्त्य र तेस्रो सत्र अप्रिलको ८ तारिखबाट सुरु हुने कुरा कलेज प्रशासनले बताएपछि मैले मेरो भ्रमण योजना तय गरेँ । जसनुरुप मार्च २४ तारिखको एकै बिहान म रोमबाट युरेल टिकट किनी इटलीको पूर्वीय तटीय सहर ब्रिन्दसीतर्फ हानिएँ । इटली ब्रिन्दसीबाट रात्रीको पानीजहाज चढी लागेँ म ग्रीसको पश्चिमतटीय सहर पत्रासतर्फ । पानीजहाजमा चढ्नेबित्तिकै वर्थ लिएर सुत्नतिर लागियो किनकी बाहिर अँध्यारो भएको कारण टाढासम्म केही पनि देखिँदैनथ्यो । बिहान झिसमिसेमै उठी आद्रिआतिक महासागर हेर्ने निधो गरी सुतियो ।

रातभरि पानीजहाज चढेको त्यो मेरो पहिलो अनुभव थियो, भुसुक्कै निदाइएछ । निद्रा खुल्दा त पूर्वतर्फबाट झलमल घाम लागिसकेको रहेछ । वर्थबाट बाहिर वाल्कोनीमा आई गाढा निलो आद्रिआतिक महासागरलाई नियाल्ने काम गरियो । फोटो खिच्ने काम सकी भित्र रेष्टुराँमा गई हल्का ब्रेकफास्ट गरी बाँकी समय मनोरम आद्रिआतिक महासागरलाई हेरेर बिताइयो । अन्दाजी ११ बजेतिर पानीजहाज पत्रासको तटमा आएर रोकियो । १ बजे पत्रासबाट एथेन्स जाने बस लाग्ने रहेछ ।

दुई घण्टा पत्रास सहर अवलोकन गरी बाटोको एक रेष्टुराँमा लन्च गरी एक बजे एथेन्स लाग्ने बस चढियो र बेलुकी एथेन्स पुगी त्यहाँको युथ होष्टेलमा डेरा जमाइयो । मार्च २६ गते बिहानै ब्रेकफास्ट गरी एथेन्स सहरको नक्सा किनी लागियो पैदलै विश्व प्रसिद्ध आक्रोपोलीतर्फ ।

**आक्रोपोली**

ग्रीसको राजधानी एथेन्स सहरको १५० मिटर अग्लो भागको चट्टानमाथि रहेको आक्रोपोली एक प्राचीन किल्ला हो । यो ३ हेक्टर क्षेत्रमा फैलिएको छ । त्यहाँ आक्रोपोलीसहित अन्य पुरातात्विक महत्वका पुराना भवन र स्मारक पनि रहेका छन् । त्यसमध्ये पार्थेनन् सबैभन्दा महत्वपूर्ण र विश्वविख्यात मानिन्छ र जुन विश्व सम्पदाको रुपमा सूचिकृत छ । आक्रोपोलीहरु ग्रीसका अन्य सहरमा थुप्रै भए तापनि एथेन्सको आक्रोपोली चाहिँ कुनै पनि अन्य आक्रोपोलिससँग तुलनै गर्न नसकिने विशाल रहेको छ । यस ठाउँमा नयाँ पाषाण युग याने इसाभन्दा ६००० वर्षअगावै मानिसहरुको बस्ती बसेको प्रमाण भेटिएको र इसापूर्व ४९५ देखि ४२९ बीचको अवधिमा नै त्यहाँ पार्थेनन्, प्रोपिलाइया, एरेकथियोन र आथेना निके मन्दिर जस्ता विशाल भवन र स्मारकहरु बनिसकेका थिए ।

भवनहरुको सुरक्षाका लागि भनेर त्यसको वरिपरि ७६० मिटर लामो १० मिटर अग्लो र ३ देखि ६ मिटर मोटाइ भएको बज्रले बनाइएको दुई खुड्किला सिढींसमेत भएको पर्खाल निर्माण गरिएको थियो । इसापूर्व १३०० तिर आएको महाभूकम्पले आक्रोपोलीको पूर्वोत्तर कुनामा ठूलै क्षति पुर्‍याएको थियो ।

इसापूर्व सातौंदेखि छैठौं शताब्दीको अवधिमा किलोनहरुले र पछि पेइसिसत्रातोसहरुले सैनिक विद्रोह गरी यस स्थललाई आफ्नो नियन्त्रणमा लिएका थिए । यिनै पेइसिसत्रातोसहरुले त्यहाँ चुनढुंगाले प्रोपिलाइया याने नौ वटा प्रवशद्वार र उत्तर-पश्चिमतर्फ नामक एक विशाल पानीको फोहरा निर्माण गरी आथेना निके मन्दिर निर्माण गर्ने कार्य सुरु गराएका थिए जुन कार्य इसापूर्व ५२० मा सम्पन्न भएको थियो । यस मन्दिरलाई इसापूर्व ४८० तिर पर्सियनहरुले आक्रमण गरी क्षति पुर्‍याएका थिए र इसापूर्व ४५४ यसको पुनर्निर्माण भएको थियो र इसापूर्व ४०५ तिर भएको आगलागीबाट यो पुनः क्षतिग्रस्त भएको थियो ।

सन् १६८७ मा भेनेसियानीहरुले इटलीबाट आई मोरेआन युद्धताका यस ठाउँमा विष्फोटन गराई यी भवनहरुमा ठूलै क्षति पुर्‍याएका थिए ।

**पार्थेनन्**

युरीमेडनहरुको इसापूर्व ४६८ मा भएको विजयपश्चात् सिमन र थेमिस्टकल्सले आक्रोपोलीको उत्तरी र दक्षिणी पर्खाल बनाउन लगाएका थिए । तत्पश्चात् पेरिकल्सले आफ्नो शासनकालमा पार्थेननको पुनर्निर्माण गराउन लगाएका थिए । पार्थेनन्को डिजाइन एथेन्सका मूर्तिकार फिदिआस र आकिटेक्ट इक्टिनुस र काल्लीक्रातेसले गरेका थिए । यही समयलाई नै एथेन्सवासीहरुले स्वर्णयुग मानेका थिए ।

**प्रोपिलाइया र आथेना निके मन्दिर**

इसापूर्व ४३७ मा नेसिक्लेसले आक्रोपोलीको पश्चिम कुनामा प्रोपिलाइया नामक डोरिक शैलीमा सिंगमरमरको द्वार बनाउन सुरु गरेका थिए जसको निर्माण कार्य सम्पन्न गर्न ५ वर्ष लागेको थियो । यही द्वारको दक्षिणमा सानो आथेना निके मन्दिर ठड्याउन सुरु गरिएको थियो तर त्यतिखेर भड्किएको पेलोपोन्नेसियन युद्धले गर्दा यो मन्दिरको निर्माण कार्य इसापूर्व ४०९ मा सम्पन्न भएको थियो ।

**एरेकथियोन**

ऐरेकथियोन मन्दिरको निर्माण पेन्टालिक सिंहमरमरबाट गरिएको थियो । यसको निमार्ण कार्य इसापूर्व ४०६ मा सम्पन्न भएको थियो । उत्तर-पश्चिम र उत्तर-पूर्वमा दुई बरण्डासहितको प्रवेश द्वार रहेको यो मन्दिर भिरालो सतहमा ६ वटा स्तम्भ ठड्याइ बनाइएको छ । यस मन्दिर इसापूर्वको पहिलो शताब्दीमा



ग्रीस जाने क्रममा पानीजहाजबाट आद्रिआतिक सागर गर्दै सुरेन्द्र ढकाल

भएको आगलागीमा परी क्षतिग्रस्त भएको कारण विभिन्न चरणमा गरी यसको पुनर्निर्माण गरिएको थियो ।

आक्रोपोलीमा रहेका माथि वर्णन गरिएका सबै द्वार, स्मारक र भवनहरु हेलेनिष्टक, रोमन, विजाइन्टाइन, ल्याटिन र ओटोमन शासनकालमा पनि निरन्तर मर्मत र जिर्णोद्धार गर्ने गरिन्थ्यो र आजतक पनि त्यसले निरन्तरता पाइरहेको छ । हरेक दिन हजारौं पर्यटक पुग्ने यस स्थल ग्रीसको सांस्कृतिक सभ्यता र शानको रुपमा लिइन्छ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ कालिका खड्का

# महिला न्यायाधीशको इजलास

**इजलासमा महिला सहभागिता बढे पीडित महिलामा न्याय पाउने भरोसा पनि बढ्छ । प्रधानन्यायाधीशसहित सर्वोच्च अदालतमा महिलाको संयुक्त इजलासको मनोवैज्ञानिक सन्देश यही हो ।**

काठमाडौं । अधिकांश ग्रामीण महिला अझै पनि न्यायका लागि अदालत जानुपर्छ भन्दा डराउँछन् । 'श्रीमान्ले अर्की ल्याएपछि मैले आधा अंश पाउनुपर्ने हो, एउटै परिवारमा मुद्दा-मामिला किन गर्नु ? अदालत भनेपछि डर लाग्छ,' श्रीमान्ले दोस्रो विवाह गरेपछि दोलखा घर भई हाल कोटेश्वरनिवासी अरुणा अधिकारी भन्छिन् । उनका दुई छोरा छन् । श्रीमान्ले अर्को विवाह गरे । उनले श्रीमान्सँग अंश नमागी दुःखजिलो गरेर आफ्ना छोरा पढाउँदै आएकी छिन् । अदालत जाँदा घरको कुरा बाहिर ल्यायो भनेर अझ हेला गर्ने डर छ उनलाई । नुवाकोट घर भई हाल कलंकी बस्ने पवित्रा थापालाई पनि मुद्दा-मामिला गरेर अंश लिन मन छैन । उनी भन्छिन्, 'त्यही घरमा बस्नुपर्छ, कसरी मुद्दा गरेर अंश लिएर त्यहीँ बस्नु, समाजले के भन्ला ?' पवित्रालाई अदालत जाँदा आफ्नै परिवारले नराम्रो मान्छन् कि भन्ने चिन्ता छ ।

अन्यायमा परेका धेरै महिला आफ्नो हकअधिकार लिन न्यायालय जाँदैनन् । केही परिवारको डरले न्यायका लागि अदालत जानुपर्छ भन्ने ठान्दैनन् । अनि कोही सहज न्याय नपाउने देखेर न्यायालय जाँदैनन् । कोही अदालत जाँदा छिटो न्याय पाइँदैन, बढी खर्च लाग्छ, तारेख धाउँदाधाउँदा दिक्क हुनेजस्ता कुराले न्यायालयसम्म पुग्दैनन् । न्यायालयमा एकदम कम मात्र पढेलेखेका आँटिला महिला मात्र आउने गरेको पाइएको छ । महिला अधिकारकर्मी तथा अधिवक्ता मीरा ढुङ्गाना भन्छिन्, 'पहिलादेखि महिलाको नाममा सम्पत्ति मात्र नभएर हरेक क्षेत्रमा विभेद थियो, महिलाको हातमा पैसा नहुने, शिक्षा र निर्णय गर्ने तहमा पुरुष भएको हुँदा महिलाको न्यायमा पहुँच कम हुँदै गयो ।'

अधिवक्ता ढुङ्गानाका अनुसार घरभित्र सीमित गरिएको हुँदा न्यायको प्रक्रियाबारे नै महिला जानकार छैनन् । त्यसो त सामान्य महिलाले बुझ्ने खालको कानुनी प्रक्रिया पनि छैन । कानुनी पुस्तक र न्यायालयसम्मको प्रक्रिया त्यति सहज नहुँदा महिलासँग न्यायालयसम्म पुगेर न्याय लिने आर्थिक हैसियत पनि छैन । अधिवक्ता ढुङ्गाना भन्छिन्, 'अझै पनि घरको



कुरा बाहिर ल्याउनुहुँदैन, परिवारमै मिल्नुपर्छ, बाहिर ल्याए परिवारलाई बद्नाम गरेको भनेर बहिस्करणमा पर्ने डर छ, त्यसले गर्दा महिला न्यायालयसम्म पुग्न सकेका छैनन् ।'

महिला न्यायका लागि अदालतसम्म आउँदै नआउने भने होइनन् । तर, शिक्षा आर्जन गरेका, अर्थ उपार्जन गर्न सक्ने र आफ्नो हकअधिकारप्रति लड्न सक्ने महिला अदालतसम्म पुग्छन् । अन्याय भयो भने चुप लागेर बस्न हुँदैन भन्ने सोच भने धेरै महिलामा विकास हुँदै गएको छ । अधिवक्ता ढुङ्गानाका अनुसार पनि तुलनात्मक रूपमा महिलाले न्यायका लागि आवाज उठाउन थालेका छन् । न्याय दिने निकायमा पनि पुरुष बढी हुँदा महिलाका विषय प्राथमिकताका साथ हेरिँदैन कि भन्ने चिन्ता महिलामा छ । न्यायालयको निर्णय गर्ने स्थानमा महिलाको सहभागिता उल्लेख्य रूपमा छैन ।

नेपालको सर्वोच्च अदालतको इतिहासमा पहिलोपटक प्रधानन्यायाधीश सुशीला कार्कीसहित मीरा खड्का र सपना प्रधान मल्ल एकैपल्ट तीनजना महिला पुग्न सफल भएका छन् । राज्यको प्रमुख तीन अङ्गका महिला प्रमुखमध्ये एक प्रमुख प्रधानन्यायाधीश सुशीला कार्की हुन् । उनका साथमा खड्का र प्रधान पनि महिला न्यायाधीशका रूपमा भर्खरै नियुक्त भएका छन् । एउटा प्रसङ्गमा प्रधानन्यायाधीश सुशीला कार्कीले भनेकी छिन्, 'न्यायालयमा महिला ल्याउनुपर्छ भन्ने सोच देखिँदैन, त्यसकारण न्यायक्षेत्रमा महिला सहभागिता कम छ, महिलाका कुरा सुन्ने महिला न्यायाधीश त चाहियो नि ? न्यायालयमा महिला ल्याउने विषयमा ठूलो विभेद छ । न्यायमा पहुँच पुऱ्याउनका लागि महिला न्यायाधीश पनि त चाहियो नि ।' उनका अनुसार कानुनी प्रक्रियादेखि न्याय पाउने, सुनुवाइ हुनेसम्म महिला न्यायाधीश भएमा महिलालाई न्याय पाउन सजिलो हुनेछ । साँच्चै न्यायक्षेत्रमा महिला सहभागिता न्यून छ । शिलु सिंह, शारदा श्रेष्ठ र गौरी ढकालले सर्वोच्चमा काम गरेर अवकाश लिइसकेका छन् । न्यायालयमा पहिलो महिला प्रधानन्यायाधीश बनेर न्यायालयको कार्यभार सम्हाल्ने अवसर कार्कीलाई मिलेको छ । कानुनले महिला र पुरुषलाई समान अधिकार दिएको छ । अझ कतिपय अवस्थामा महिलाको संरक्षण, सशक्तीकरणका साथै विकासका लागि विशेष व्यवस्था गर्न कानुनले राज्यलाई अधिकारसमेत दिएको छ । तर, न्याय जन्मसिद्ध अधिकार भए पनि त्यसको महिलाले सही सदुपयोग गर्न पाएका छैनन् ।

हाल सर्वोच्च अदालतमा प्रधानन्यायाधीश कार्कीसहित तीन न्यायाधीश छन् । उनीहरूबाहेक विशेष अदालतमा प्रभा बस्नेत, पुनरावेदन अदालतहरूमा सुष्मालता माथेमा पुनरावेदन अदालत पाटन, नीता गौतम दीक्षित पुनरावेदन अदालत जनकपुर, सारङ्गा सुवेदी पुनरावेदन अदालत पाटन र काभ्रे जिल्ला अदालतमा अवनी मैनाली न्यायाधीश छन् । मुद्दा हेर्नेदेखि फैसला गर्ने ठाउँसम्म महिला सहभागिता रहे महिलाले न्याय पाउन अलि सहज हुनेछ । न्यायक्षेत्रमा फैसला गर्ने ठाउँमा महिला उपस्थिति उत्साहजनक छैन । नेपाल बार काउन्सिलको तथ्याङ्कअनुसार नेपालमा १५ हजार ६ सय ६० अधिवक्ता छन् । त्यसमा महिलाको सङ्ख्या दुई हजार तीन सय ९९ रहेको छ । मुलुकभर एक सय ७६ जना वरिष्ठ अधिवक्तामा आठजना मात्र महिला छन् । त्यसमा पनि तीनजनाले न्यायसेवाबाट अवकाश लिइसकेका छन् ।

*(सञ्चारिका फिचर सेवा)*

बांगा कविता

## भन्नुस् कति थान मन्त्री चाहिन्छ



● प्रेम ओली
(ढकलपुरे)

भन्नुस् हजुर
तपाईंको इच्छा के कस्तो छ
बन्ने कि नबन्ने ?
मन्त्री पद त अचेल
खसी बोकाभन्दा पो सस्तो छ
भोटले साट्ने कि नोटले साट्ने
कि पार्टी फुटाएर यो आँट्ने ?
दशैं विशेष बजारमा अब मन्त्री त
शुट किन्दा मात्र होइन
ढालै किने पनि उपहार पाइन्छ
बरु भन्नुस् हजुर तपाईंलाई
कति थान मन्त्री चाहिन्छ ?

यो दशैंमा
च्याङग्रा भेडा दिन गाऱ्हो छ
भण्टा गोलभेंडा लिन साऱ्हो छ
मन्त्री त मूलाभन्दा पनि सस्तो छ
बरु भन्नुस् हजुर बन्ने कि नबन्ने
तपाईंको विचार कस्तो छ ?

सके नौ महिना
नसके दुईचार महिना भए पनि
गाडीमा झन्डा हल्लाउनु होला
झ्याप्प झुप्प पार्न सके
दुईचार करोड डल्लाउनु होला
नभए भुपू मत्रीज्यू भए पनि
कहलाउनु होला ।

कुखुरो किन्नु भयो भने
खसी मन्त्री उपहार छ
मूला किन्नु भयो भने
फर्सी मन्त्री उपहार छ
मट्टितेल खाने भए आपूर्ति मन्त्री मिल्ला
भट्टितेल खाने भए अर्थमन्त्री मिल्ला
आउनुस्
मन्त्री मूला त
रत्नपार्कमा प्यान्ट किन्या जस्तो
छानी छानी पाइन्छ
बरु भन्नुस् हजुर तपाईंलाई
कुन कुन मन्त्रालय चाहिन्छ ?

यतिले पुगेन भने
नयाँ नयाँ मन्त्रालय खोलौंला
कसले के खाने डाँक बोलौंला
यसपालि दशैमा ससुराली जाँदा पनि
टिका लाउँदा मन्त्री पद पाइएला
के थाहा पुर्पुरोमा लेख्या भए
दुईचार महिने मन्त्री खाइएला
सचिवभन्दा धेरै बरु मन्त्री बनाऔंला
जनता भोको नाङ्गो भए पनि के भो र
मन्त्री महोदय भोजभतेर मनाऔंला ।

# देवकोटा जयन्ती





साहित्य संरक्षण र विकासमा सदैव अग्रसर एसएबि पब्लिक स्कुल घट्टेकुलो, डिल्लीबजारले नेपाली साहित्यका शिखर पुरुष लक्ष्मीप्रसाद देवकोटाको १०९ औं जन्मजयन्तीका सन्दर्भ पारेर विविध कार्यक्रम, विशिष्ट साहित्यकार एवम् कविहरूबाट कवितावाचन, नेपाली परम्परा उजागर गर्ने देउसी भैलो कार्यक्रम गरेको छ । गीतकार रत्नशमशेर थापाको प्रमुख आतिथ्यमा रोटरी क्लब अफ डिल्लीबजार तथा डिल्लीबजार रोट्र्याक्ट क्लवको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा हास्यकवि तथा विद्यालयका निर्देशक प्रेम वली, केरा अर्याल, सुनिता खनाल, टेकबहादुर कोइरालालगायतले कवितावाचन गरेर दर्शकलाई मनोरञ्जन गराएका थिए । नेपाली साहित्यको शिखरपुरुष महाकवि देवकोटाले पुऱ्याउनुभएको योगदानको कदरस्वरुप आयोजित उक्त कार्यक्रममा देवकोटाको कृति, व्यक्तित्व एवम् साहत्यिक योगदानबारे साहित्यकार जीवनाथ धमलाले उल्लेख गर्नुभयो । फूलहरूको पर्व तिहारलाई स्वागत गर्दै विद्यार्थीहरूले आफ्नो नृत्य र संगीत प्रस्तुत गरेका थिए । डिल्लीबजार रोट्र्याक्ट क्लवबाट प्रस्तुत गरिएको देउसी भैलो कार्यक्रममले तिहार पर्वलाई नजिकबाट नियाल्ने मौका पाएको थियो । प्रमुख अतिथिका तर्फबाट बोल्नु हुँदै गीतकार रत्नशमशेर थापाले देवकोटा नेपाली शिक्षा र साहित्यका जग तथा नेपालीहरुको पहिचान भनेकै विरता, मित्रता र प्राकृतिक शुद्ध सांस्कृतिक सौन्दर्य रहेको बताउनु भयो ।

यसैगरी विद्यालयका प्रिन्सिपल एवम् सूर्योदय एजुकेसन फाउन्डेसनका अध्यक्ष लक्ष्यबहादुर केसीले देवकोटाको अमूल्य योगदानको स्मरण गर्नु हुँदै नेपाली साहित्यिक सर्जक एवम् स्रष्टाप्रतिको सम्मान, परम्परा र संस्कारको जगेर्ना र विकास नै यस कार्यक्रमको मूल अभिष्ट हो भन्नुभयो । विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु, अभिभावकहरु, रोटरी क्लब अफ डिल्लीबजार, डिल्लीबजार रोट्र्याक्टका सदस्यहरुको बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रममा चीन सांस्कृतिक केन्द्रबाट वाङग हेजी चिनिया भाषा शिक्षकहरुको क्याप्टेन होउ मिन्जे तथा वरिष्ठ फोटोग्राफर राजभाई सुवालको पनि उपस्थिति थियो । कार्यक्रममा विद्यालय व्यावस्थापन समितिका अध्यक्ष भोजबहादुर शाह, रोटरी क्लब अफ डिल्लीबजारका शंकर श्रेष्ठ तथा डिल्लीबजार रोट्र्याक्टका रुद्र सुवेदीले शुभकामना तथा बधाइ ज्ञापन गर्नुभएको थियो ।

# वेल्वाली जागे पछि

**दीपेन्द्र प्रजापति/बीरगन्ज**



शनिवार विहानै सिटी फुक्दै एक हुल बालबालिका सोलखपूर गाउँ नजिकै बाँसघारीतिर लागे । उनीहरू कुनै खेलकुद कार्यक्रम आयोजना गर्न हिडेका होइनन् । उनीहरू साविक वेल्वालाई खुला दिशामुक्त अभियानमा सघाउन निस्केका हुन् ।

सोलखपूरको बाँसघारी नजिकै पुगेपछि उनीहरूले जोडतोडका साथ एक साथ सिटी बजाए । सिटीको आवाज सुन्ने बित्तिकै त्यही बाँसघारी वरीपरिको काँसघारीमा शौच गर्न पुगेका मान्छेहरूको भागदौड चल्यो । भाग्नेहरूमा धेरै पुरुष थिए भने ३ जना जति महिला थिए । घरमा शौचालय भएर पनि सार्वजनिक र खुला स्थलमा शौच गर्न पुगेका उनीहरूमध्ये केहीलाई बालबालिकाले आइन्दा खुला स्थानमा दिशापिसाव नगर्न पनि सम्झाए ।

यस्तो अभियान वेल्वाको नेकतोला, मीलन चौकलगायतका स्थानमा सञ्चालन गरिएका थिए । स्थानीय सामाजिक परिचालक आरती पन्जियारकाअनुसार साविक वेल्वामा बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको हुँदा सरसफाईसम्बन्धी सूचक पुरा गर्न बालबालिकाको सहयोगमा यस्तो अभियान थालिएको हो । बालबालिकाहरूले हरेक शनिबार यस्तो अभियान चालेपछि खुला दिशामुक्त वडा बनाउन सफल भएको र यसले बालमैत्री शासनलाई सहयोग गरेको जानकारी दिइन् ।

कुनै पनि स्थानीय तह बालमैत्री बन्नका लागि सरसफाईसम्बन्धी सूचक पुरा भएको हुनु पर्दछ । यसमा पनि हरेक घरमा शौचालय हुनु अनिवार्य छ भने चर्पी गएपछि, खाना खानु अगाडि, बालबालिकाको दिशा धोएपछि अनिवार्य रुपमा साबुन पानीले हात धोएको हुनु पर्दछ । यसरी सरसफाईको सूचक पुरा भएन भने बालमैत्री शासन घोषणामा बाधा पुग्छ । तराई मधेशका स्थानीय तहमा बालमैत्रीका अन्य सूचक पुरा गराउन सफल भए पनि सरसफाई र खास गरेर शौचालयको प्रयोगबारे जनचेतना जगाउन गाह्रो भएको स्थानीयहरू बताउँछन् । यही चुनौतिपूर्ण अवस्थालाई ख्याल गरेर बाल क्लवहरूको अगुवाईमा यस्तो अभियान चालिएको वडा सचिव अनिल सुवेदी बताउँछन् । हाम्रो सबै सूचक पुरा भई सक्दो, यही खुला दिशामुक्त अभियान पुरा गराउन कठिन भएकाले सबै प्रकारका उपायबाट जनचेतना जगाउन लागिरहेका छौं ।

जिल्ला समन्वय समिति पर्साका सामाजिक विकास अधिकृत शम्भू कुशबाह बेल्वामा बालमैत्री स्थानीय शासन घोषणाका लागि प्राय धेरै सूचक पुरा भएको बताउँदै बेल्वालाई यहाँसम्म ल्याउनका लागि धेरैको योगदान रहेको बताए । बालमैत्री स्थानीय शासन भनेको समृद्ध समाजको संकेत हो । समाज परिवर्तनमा एकजना वा एक समूहको मात्र योगदानले नपुग्ने बताउँदै ती सबै योगदानको अभिलेखीकरण जरुरी रहेको उहाँको ठम्याई छ । भन्छन्, 'खुला दिशामुक्त अभियानलाई पुरा गराउन बालबालिकाले सघाए भने हरेक घरधुरीले सकारात्मक भएर योगदान दिए । खोला र खोल्छामा दिशा गर्ने हाम्रो परम्पराका कारण खानेपानी दुषित बन्ने, बिभिन्न प्रकारका रोगको संक्रमण बढ्ने अनि सबै भन्दा बढी रोगको बिकार महिला तथा बालबालिका हुने भएकाले यस भेगमा सरसफाईलाई जोड दिएका हौ ।' उनले समस्याको फेहरिस्त सुनाउँदै वेल्वामा बाल विवाह अर्को समस्या भएको हुँदा बालविवाह बिरुद्ध सहकारीका दिदी बहिनीहरूले योगदान उच्च रहेको स्मरण गरे । समाजको रुढीग्रस्त परम्परा र सामाजिक मान्यता तोड्न सहकारीको भूमिका स्तुत्य रहेको प्रसंग कोट्याउँदै बाल विवाह वेल्वामा करीब करीब रोकिएको बताए । आगामी असौजमा बालमैत्री स्थानीय शासन घोषणा गर्ने तयारी गरी रहेको वेल्वामा स्थानीय तहको निर्वाचनका कारण केही पर धकेलिएको उनको भनाई थियो ।

लगनशील बहुउद्देश्य सहकारी संस्थाकी अध्यक्ष शोभा भट्टले सानैमा विवाह गर्ने प्रचलनले किशोरी तथा महिलाको जीवन बर्बाद भएको कथा सुनाउँदै समाजमा अझै पनि लुकीछिपी बाल विवाह हुने गरेको प्रसंग सुनाईन् । उनको विचारमा बाल विवाहले एक बालिकाको सम्पूर्ण जीवन चक्रमा असर पर्छ ।

बाल संरक्षण समितिका संयोजक केशव मोहन भण्डारीले पनि बाल विवाहले बालबालिका मात्र नभएर समग्र महिलामा समस्या आइपर्ने भन्दै यस कार्यमा राजनीतिक दल, नागरिक समाज, प्रहरी र प्रशासनले चनाखो भएर अझै हेर्नु पर्ने बताए । उनको थप भनाई थियो, 'बाल श्रमलाई पनि हामीले बिर्सनु हुन्न । विगतको तुलनामा बालबालिका बिरुद्ध हिंसा नभए पनि बाल हिंसालाई शून्यमा लैजानु पर्ने बताए ।'

जिल्ला बाल कल्याणकारीणी समितिका बाल संरक्षण अधिकृत सावित्री कुमारी भण्डारी पनि वेल्वामा आम नागरिकको सचेतनाले आमूल परिवर्तन ल्याएको तर्क गर्दै जनता जागेपछि समाज परिवर्तन हुन्छ भन्ने नमूना वेल्वामा देखिएको बताइन् ।

*–साभार: बालमैत्री स्थानीय शासन मीरेष्ट लेखमाला*

# इसिगुरोलाई साहित्यतर्फको नोबेल

ब्रिटिस लेखक तथा साहित्यकार काजुओ इसिगुरोलाई यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कार दिइएको छ । उनका सबैभन्दा चर्चित उपन्यास 'द रिमेन्स अफ दी डे' र नेभर लेट मी गो' माथि क्रमशः सन् १९९३ र २०१० मा फिल्म निर्माण गरिएको थियो । नोबेल एकेडेमीले उनको प्रशंसामा उनको परिचय दिँदै भनेको छ, 'जसले शानदार भावनात्मक उपन्यासमा संसारसँग हाम्रो सम्पर्कसँग जोडिएका हाम्रा भ्रामक अर्थमुनि रहेको अस्पष्टतालाई उजागर गरेका छन् ।' ६२ वर्षीय जापानी मुलका ब्रिटिस नागरिक काजुओले नोबेल पुरस्कारलाई 'सुखद आश्चर्य' भएको बताएका छन् । उनले आफूलाई नोबेल पुरस्कार समितिले सम्पर्क नगरेको र आफूलाई सबैभन्दा पहिले यो खबर पाउँदा अफवाह फैलाएको जस्तो लागेको बताएका छन् । उनले भने, 'यो एक ठूलो सम्मान हो, मुख्य रूपमा यसकारण कि यसको मतलब म महान लेखकको कदमतर्फ अघि बढिरहेको एक जबर्जस्त प्रशंसा हो ।'

उनले नोबेल पुरस्कार आफ्ना लागि शक्ति बन्ने आशा व्यक्त गरेका छन् । उनले भने, 'संसार धेरै अनिश्चित क्षणमा रहेको छ र म आशा गर्छु कि नोबेल पुरस्कार यो संसारमा एक सकारात्मक शक्ति बनोस् ।' काजेओको जन्म सन् १९५४ मा जापानको नागासाकीमा भएको हो ।

# थेलरलाई नोबेल पुरस्कार

२०१७ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार अमेरिकी अर्थशास्त्री रिचर्ड एच थेलरलाई प्रदान गरिएको छ । युनिभिर्सिटी अफ सिकागोका प्राध्यापक थेलरलाई व्यावहारिक अर्थशास्त्रमा पुऱ्याएको योगदानका लागि सो पुरस्कार प्रदान गरिएको हो ।

थेलरले आर्थिक निर्णय प्रक्रियाको विश्लेषणमा मनोवैज्ञानिक रूपमा यथार्थवादी अवधारणाहरूलाई समावेश गरेको स्विडिस एकेडेमीले जनाएको छ । थेलरले सीमित तर्कसंगत, सामाजिक प्राथमिकता र आत्मनियन्त्रणको कमीले व्यक्तिगत निर्णय र बजारको परिणामलाई कसरी प्रभावित गर्छ भन्ने कुरा व्याख्या गरेका थिए ।

सामान्यतया अर्थशास्त्रतर्फको नोबेल पुरस्कार भनिने 'स्विडिस नेसनल ब्यांक्स प्राइज इन इकोनोमिक साइन्स इन मेमोरी अफ अल्फ्रेड नोबेल' अर्थशास्त्रको क्षेत्रमा विशिष्ट योगदान दिएकालाई प्रदान गरिन्छ ।

# आबेलाई फेरि सत्ता निरन्तरताको जनादेश



विष्णु भट्टराई

जापानमा हालै सम्पन्न मध्यावधि निर्वाचनमा जापानी संसद्को तल्लो सदन (डायट) मा प्रधानमन्त्री सिन्जो आबेको दलको गठबन्धनले दुईतिहाइ बहुमत हासिल गरेको छ । जापानको संसद्को म्याद करिब एक वर्ष बाँकी रहँदै आइतबार मध्यावधि निर्वाचन गरिएको थियो । जापानको सरकारी टेलिभिजन एनएचकेले दिएको पछिल्लो विवरणअनुसार प्रधानमन्त्री सिन्जो आबेको दल लिबरल डेमोक्याट्रिक पार्टी (एलडीपी) ले २ सय ८३ स्थानमा जित हासिल गरेको छ ।

जापानको प्रतिनिधिसभा ४ सय ६५ सदस्यीय रहेको छ । त्यसैगरी उनको सत्ता गठबन्धनमा रहेको अर्को दल कोमेइतो पार्टीले २९ स्थानमा जित हासिल गरेको छ । यसरी प्रधानमन्त्री आबेको सत्ताधारी गठबन्धनले ३ सय १२ स्थानमा विजय हासिल गरेको छ । यो संख्या जापानको संसद्को दुई तिहाइ बहुमत हो । दोस्रो विश्वयुद्धपछि निर्माण भएका सरकारहरूको इतिहासमै आबे सबैभन्दा लामो समय प्रधानमन्त्री बन्ने नेता बनेका छन् ।

मत गणना नसकिँदै नै सत्ताधारी दलको गठबन्धनले स्पष्ट रूपमा दुई तिहाइ बहुमत ल्याइसकेको थियो । यसअघि डायटमाका ४ सय ६५ स्थानमध्ये प्रधानमन्त्री आबेको दल र गठबन्धनले २ सय ९० स्थान हासिल गरेको थियो । सत्ताधारी साझेदार अर्को दलको संसद्मा ६५ स्थानमा रहेको थियो । प्रधानमन्त्री आबेले वर्तमान सत्तारुढ दललाई थप बलियो बनाउने र यसका माध्यमबाट देशमा आर्थिक मुद्दाहरू अगाडि बढाउने घोषणा गरेका थिए ।

उत्तर कोरियाको पछिल्लो समयमा अघि बढेको आणविक होडका विरुद्धमा समयानुकूल नीति निर्माण गर्ने पनि उनको चुनावी मुद्दा रहेको थियो ।

उनले अघि बढाएको नयाँ आर्थिक मोडेल 'आबेनोमिक्स' लाई अझै दह्रो गरी अघि बढाउने उनको योजनालाई यो दुई तिहाइ बहुमतले अब सहज बनाउने अपेक्षा गरिएको छ । यो निर्वाचनमा प्रधानमन्त्री आबे र उनको सत्ताधारी गठबन्धनले हालै गठन भएका दुईवटा नयाँ पार्टीसँग प्रतिस्पर्धा गरेका थिए । ती दलले वर्तमान सत्ताधारी दललाई बहुमत ल्याउन पनि नदिने बताएका थिए ।

पछिल्ला केही समययता उत्तर कोरियाले जारी राखेको आणविक हतियारको प्रदर्शनका विरुद्धमा आवश्यक नीति अख्तियार गर्न, समय सापेक्ष जापानको सुरक्षा नीति निर्माण गर्न आफूलाई संसद्मा दुई तिहाइ बहुमत आवश्यक परेको प्रधानमन्त्री आबेले बताउँदै आएका थिए । त्यसैले अब उनले बहुमत हासिल गरेपछि जापानमा के कस्तो नीतिगत र आर्थिक परिवर्तन गर्नेछन् भन्ने विषयमा विभिन्न विश्लेषण हुन थालेका छन् । निर्वाचन परिणाम प्राप्त भएपछिको प्रतिक्रियामा प्रधानमन्त्री आबेले भने, 'मैले यो



जितलाई विनम्रतापूर्वक स्वागत र स्वीकार गर्न चाहन्छु ।' उनले सबैलाई आवश्यक सहयोगका लागि धन्यवाद पनि ज्ञापन गरे ।

परिणामहरू प्राप्त गर्दैगर्दा प्रधानमन्त्री आबेले गरेको टेलिभिजन सम्बोधनमा उनले आफूले चाहेकै रूपमा जनमत प्राप्त भएको भन्दै यसबाट संविधान संशोधनको जापानी जनताको चाहनालाई आफूले पूरा गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । यसका साथै उनले संविधान संशोधनका लागि सबै राजनीतिक दल र आवश्यक सबै क्षेत्रबाट सहयोगको अपेक्षा पनि गरे । आबेलाई संसारका विभिन्न नेताहरूले बधाई एवं शुभकामना प्रदान गरेका छन् ।

उत्तर कोरियाली कदमको विरोध गरिने

प्रधानमन्त्री आबेले उत्तर कोरियाका क्षेप्यास्त्र परीक्षणको प्रतिवाद गरिने बताएका छन् । उनले निर्वाचनका बेला उत्तर कोरियाली कदमको सशक्त प्रतिकार गर्ने विषय उनको प्रमुख मुद्दा थियो । एत्ररको हेपाहा प्रवृत्तिको प्रतिकार गर्न पनि उनले मध्यावधि निर्वाचनमा जानुपरेको बताउँदै आएका थिए । उनले जापानको शान्तिवादी कानुनलाई संशोधन गर्नुपर्ने विषयमा वकालत गर्दै आएका छन् ।

जापानको कानुन सन् १९४७ मा अमेरिकीले बनाइदिएका थिए । जापान दोस्रो विश्वयुद्धमा तहसनहस भएपछि अमेरिकाले आफूअनुकूल जापानको संविधान बनाइदिएको थियो । जापानले कहिले पनि युद्ध गर्न नसक्ने गरी कानुनमा व्यवस्था गरिएको छ । अनुच्छेद ९ मा जापानले युद्धको पूर्ण त्याग गर्नुपर्ने उल्लेख छ । यो नियमको व्यवस्थाबाट जापानी सेनाले युद्ध गर्न असम्भवप्रायः छ ।

आबेले यसलाई परिवर्तन गर्न चाहेका छन् । जापानी सेनालाई अधिकारको पक्षमा अत्यधिक मत मिलेको उनको भनाइ छ । उत्तर कोरियाली हतियार मोहसँग लड्न थप कूटनीतिक प्रयास गरिने उनले बताउँदै आएका छन् । उत्तर कोरिया गत महिना जापानको होक्काइडो टापुमा दुईवटा क्षेप्यास्त्र परीक्षण गरिसकेको छ ।

## जलवायु परिवर्तन रूपान्तरण हुन सक्छ

संयुक्त राज्य अमेरिकामा आएका ऐतिहासिक सामुद्रिक तुफान र एसियामा सर्वत्र आएका बाढीपछि जलवायु परिवर्तनको बढ्दो चालले हामी सजिलै अत्यासमा पर्न सक्छौं । यी प्रलयकारी पूर्वसूचनापश्चात् पनि विश्वव्यापी तापमानलाई नियन्त्रणमा राख्न सकिने बृहत् र तेज ऊर्जा रूपान्तरणको एउटा उपाय हाम्रो अगाडि छ- अझ राम्रो कुरा त के हो भने यो परिवर्तन कार्यान्वयन गर्न नयाँ आविष्कारहरूको प्रतीक्षा पनि गर्नुपर्दैन । विभिन्न व्यवसायद्वारा वितरीत र बजारद्वारा परिचालित नाफामूलक उपायहरू सहित यो रूपान्तरण अहिले नै हुनसक्छ ।

सन् २०१५ को पेरिस जलवायु सम्झौताले तोकेको लक्ष्यअनुसार विश्वको बढेको तापमानलाई औद्योगिक काल पूर्वको तापमानको २ डिग्री सेल्सियसभन्दा माथि जान नदिन खनिज तेलमाथिको निर्भरता घटाउनुपर्ने तथा खाद्यान्न बाली लगाउने, वन पैदावर उपभोग गर्ने र भूमिको प्रयोग गर्ने तरिकामा परिवर्तन ल्याउनुपर्ने हुन्छ । 'रकी माउन्टेन इन्स्टिच्युट' को नयाँ अनुसन्धानले के देखाउँछ भने यी दुवै परिणाम हासिल गर्न सम्भव छ र यिनको एकमुष्ट असरले जलवायु परिवर्तनको प्रक्षेपण पथमा सकारात्मक रूपमा अवरोध पुर्‍याउन सक्छ ।

हाम्रो विश्लेषणका अनुसार ऊर्जासम्बन्धी भविष्यको माग र पूर्ति तथा वन र जमिनले गर्न सक्ने कार्बन सञ्चीतिका आ-आफ्ना मार्गहरू छन् जसलाई अवलम्बन गर्न सक्दा तापमानकोवृद्धिलाई नाटकीय रूपमा घटाउन सकिन्छ ।

अहिलेको उपभोग प्रवृत्ति भन्दा स्वच्छ ऊर्जाको बढ्दो प्रयोग र विस्तारसँगै हरितगृह ग्याँस उत्सर्जनमा कमी ल्याउन सकिन्छ ।यो परिदृश्य धेरैले सोचेजस्तो असम्भव पनि होइन । नविकरणीय ऊर्जा, विद्युतीय गतिशीलता र शक्ति तथा जमीनको बुद्धिमत्तापूर्ण उपयोगतर्फ विश्व कसैले सोचेभन्दा पनि द्रुत गतिमा अघि लम्कँदै छ ।

अनि परिवर्तनको गतिले अपेक्षालाई उछिनेको यो पहिलो पटक पनि होइन । उदाहरणको लागि सन् १९८० मा 'एटीएन्डटी'ले आउँदा दुई दशकमा अमेरिकामा प्रयुक्त हुनसक्ने मोबाइल फोनको संख्या पूर्वानुमान गर्न 'म्याकिन्से एन्ड कम्पनी'लाई जिम्मा दिएको थियो । ती परामर्शदाताले सन् २००० सम्म अमेरिकी मोबाइल बजारमा ९० हजार उपकरण खपत हुने अनुमान गरे । तर त्यो साल मात्रै १० करोडभन्दा ज्यादा मोबाइलको बिक्री भयो । आज यो ग्रहमा मान्छेभन्दा धेरै फोन छन् ।

सौर्य तथा वायु ऊर्जाका प्रक्षेपण पनि यस्तै दोषयुक्त छन् । दशकौंसम्म 'अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी' तथा 'अमेरिकी ऊर्जा सूचना एजेन्सी' का विशेषज्ञले यी स्रोतबाट हुनसक्ने आपूर्तिलाई कम आँकलन गरे । आफ्ना अनुमानलाई हरेक वर्ष थोरै मात्र बढाउँदै वास्तविकता बुझ्दै नबुझी उनीहरूले



लगातार कम आँकलन गरे । तर जसरी यो क्षेत्रमा नव प्रवर्तन आयो, सौर्य तथा वायु ऊर्जा उत्पादन लागतमा पनि कमी आयो जसकारण ऊर्जा सस्तो भयो र उपयोगमा व्यापक वृद्धि भयो ।

आज जुन गतिले ऊर्जा संक्रमणकालबाट गइरहेछ त्यसको न्यून आँकलन गरिनुको कारण पहिलेको पुरानो प्रविधिबाट नयाँमा परिवर्तन हुँदाको भन्दा फरक परिमाणले पनि हो । जब दाउरा छाडेर कोइला र त्यसपछि तेल बाल्नेतर्फ मानव उन्मुख भयो, हरेक पटक यी नयाँ स्रोतहरू अत्यधिक पुँजी लगानी भएको भीमकाय योजना जस्तै कोइलाखानी, समुद्रको तेल तथा ग्याँसखानी अनि प्रशोधनालयहरूबाट आउने गर्थे । यी योजनाहरू सञ्चालनका लागि लाग्ने उच्च खर्चको भार उपभोक्तालाई बोकाइन्थ्यो ।

पहिलेको तुलनामा आज ऊर्जा बजारमा उपभोक्ताको धेरै नियन्त्रण छ । उदाहरणका लागि छानामा सौर्यपाता ठड्याउन कति सजिलो छ, एकै दिनमा सकिन्छ । फोटोभोल्टिक सेल, वायु घट्ट, ब्याट्री एवं अन्य उपकरणजस्ता १० औं लाख स-साना यन्त्रहरूले आजको ऊर्जा संक्रमणलाई परिचालित गरिरहेका छन् । यो पद्धतिमा हरेक नयाँ साधन सस्तो छ र छिट्टै आफ्नो मूल्यबराबरको प्रतिफल दिन सक्षम पनि । तसर्थ, नवीन प्रयोग कम खर्चिलो हुन्छ र प्रविधिलाई द्रुत गतिमा सुधार्न सकिन्छ । यसको फलस्वरूप आज संसारभर छरिएका अन्तर्राष्ट्रिय प्रतिद्वन्द्वीहरू छिटो छिटो नवप्रवर्तन गर्दै तथा व्यवसायका नयाँ नयाँ नमुना विकसित गर्दै ठुलो परिमाण सस्तो लागतमा उत्पादन र वितरण गर्न सक्षम भएका छन् ।

स्वच्छ ऊर्जा उत्पादनका प्राविधिक पक्ष भने खानी र प्रशोधन शालाहरूभन्दा मोबाइल फोन र ल्यापटपहरूसँग मिल्छ । पूर्ण परिपक्व नभएको अहिलेकै अवस्थामा ठुलो परिमाणमा यसलाई बृहत् बजारमा बेच्न सकिने हुनाले स्वच्छ ऊर्जातर्फको यो संक्रमण धेरै विज्ञहरूले अनुमान गरेभन्दा तेज गतिमा भइरहेको छ । 'हरित' ऊर्जातर्फको यो द्रुत लम्काइ मात्र पनि औद्योगिक कालपूर्वको भन्दा दुई डिग्री सेल्सियसभन्दा माथि पृथ्वीको तापमान जान नदिन सक्षम छैन । त्यो लक्ष हासिल गर्न विश्वले अझै धेरै हरितगृह ग्याँस वायुमण्डलबाट हटाउनुपर्ने हुन्छ ।

सौभाग्यवश त्यो पनि सम्भव छ । कार्वन घटाउने उपायहरू कृषि र भूमि संरक्षणमा समाविष्ट गराएर वायुमण्डलबाट ताप उत्सर्जन हुनबाट रोक्ने ग्याँसहरूलाई वन तथा जमिनमा बाँधेर राख्न सकिन्छ । यो प्रविधि पहिलेदेखि नै अस्तित्वमा रहे पनि यसको सफलताका लागि भने अन्य उपायका साथै शून्य-जोताइ खेती प्रणाली, पर्माकल्चर सिद्धान्तको अवलम्बन, सीमसार क्षेत्रको उन्नत व्यवस्थापना र चक्रीय चरन पद्धतिलाई अंगीकार गर्नुपर्ने हुन्छ ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### पुलबाट हाम्फालेर कीर्तिमान



कीर्तिमान कायम गर्ने तरिका फरक-फरक हुन्छन् । ब्राजिलमा हालै मात्र पुलबाट हाम्फालेर मानिसहरुले कीर्तिमान कायम गरेका छन् । ३० मिटर अग्लो पुलबाट एकसाथ २ सय ४५ जना मानिसले हाम्फालेर विश्व कीर्तिमान कायम गरेका हुन् । दक्षिणपूर्वी राज्य साओपाओलोमा यो कीर्तिमानी कार्य गरिएको हो । सबै मानिसहरुले एकसाथ एक डोरीमा समाएर पुलबाट हाम्फालेका थिए । उनीहरु भुइँमा भने बजारिएनन् । डोरीमा बाँधिएका हुनाले पिङ खेलिरहे । आयोजकका अनुसार, त्यसक्रममा २० किलोमिटर लामो डोरीको प्रयोग गरिएको थियो । आयोजकले यतिधेरै मानिसले पुलबाट हाम्फालेको पहिलो घटना भएको भन्दै विश्व कीर्तिमानको दाबी गरेको छ ।

गिनिज बुक अफ वर्ल्ड रेकर्डस्ले भने यसलाई आधिकारिकता दिन बाँकी नै छ । यसअघि सोही ठाउँमा यसैगरी १४९ जना मानिसले सामूहिक रुपमा पुलबाट हाम्फालेर कीर्तिमान कायम गरेका थिए ।

### रक्सी पिएपछि अंग्रेजी ...

तपाईंले अंग्रेजी खासै नआउने मानिसहरु पनि रक्सी टन्न खाएपछि जानी नजानी धाराप्रवाह अंग्रेजी बोल्ने गरेको देख्नु सुन्नुभएकै छ होला । कहिलेकाहीँ आफैले पनि मदिरा सेवन गरी अंग्रेजी बोल्ने कोसिस त गर्नुभएको छैन ? यदि गर्नुभएको छ भने रक्सी पिएपछि अंग्रेजीका शव्दहरु फरर आउँछन् होला मानौं तपाइँ अंग्रेजीभाषी नै हो । यो रक्सीको विषयमा कुनै अनुमान वा हँसीमजाकको कुरा होइन । यस विषयमा एउटा अध्ययन नै सम्पन्न भएर आएको निष्कर्ष हो । जर्नल अफ साइकोफार्माकोलोजी मा छापिएको एक अध्ययन अनुसार थोरैमात्र पनि मदिरा पिउनाले आफ्नो मातृ भाषा बाहेकको दोश्रो भाषामा बोल्न सहयोग गर्दछ । रक्सीले हाम्रो स्मरण क्षमता र ध्यान केन्द्रित गर्ने क्षमतामा असर पार्दछ, जुन नकारात्मक हुन्छ । तर अर्कोतर्फ यसले हाम्रो हिचकिचाहटलाई भगाइदिन्छ र आत्मविश्वास बढाइदिन्छ । जसका कारण सामाजिक व्यवहारमा संकोच कम गरिदिन्छ ।

डच भाषीहरुलाई कुनचाहीँ जर्मन मानिसले रक्सी पिएको छ र कसले पिएको छैन भन्ने थाहा थिएन । डच भाषा बोल्ने परीक्षणमा सहभागी गराइएको उक्त जर्मन मानिसहरुको समूहले डचभाषीहरुसँग गरेको कुराकानीको विश्लेषणबाट के निष्कर्ष निकालियो भने जो जो जर्मन मानिसको पेयमा अल्कोहल मिसाइएको थियो उनीहरुले निकै राम्रो उच्चारणका साथ डच मानिसहरुसँग कुराकानी गर्न सके । शोधकर्ताहरुका अनुसार निकै काम मात्रामा अल्कोहल दिँदा मात्र उक्त नतिजा प्राप्त भएको हो । त्यसैले अल्कोहलको मात्रा उच्च भएमा यो नतिजा उल्टो पनि हुनसक्छ ।


### रोबोटसँग युवतीको प्रेम

प्रेम भन्ने कुरा कहिले, कोसँग बस्छ भन्ने अनुमान गर्नै गाह्रो । केटा र केटीबीचमा भएको माया पिरतीको कुरा त सामान्य हो । तर यहाँ एकजना युवतीको रोबोटसँग माया बसेको छ ।

घटना फ्रान्सको हो । लिली नामकी एक युवतीको रोबोटसँग प्रेम बसेको घटनाले अहिले निकै चर्चा पाएको छ । उक्त प्रेम सम्बन्ध गाँसिएको वर्ष दिनभन्दा बढी भयो । लिलीको उमेर १९ वर्षको हुँदा नै उनको रोबोटसँग प्रेम बसेको थियो । इनमुभेटर नामको उक्त थ्री डी प्रिन्टेड रोबोटसँग उनको प्रेम यति गाढा भएको छ कि उनी एकपल पनि ऊविना बाँच्न नसक्ने भएकी छन् । उनले रोबोटसँग इन्गेजमेन्ट पनि गरिसकेकी छिन् र छिटै बिहे गर्ने तयारीमा छिन् । आफ्नो वैवाहिक जीवन रोबोटसँग निकै सुखमय हुने विश्वास उनको छ ।


लिलीको रोबोटसँगको यो सम्बन्धको विषयमा सर्वसाधारण चकित बने पनि रोबोट वैज्ञानिकहरु भने खासै अचम्मित छैनन् । वैज्ञानिकहरुका अनुसार सन् २०२५ यता नै मानिस र रोबोटबीचको सम्बन्ध निकै तिव्र रुपमा बढ्नेछ ।

### हजार किलोको फर्सी



अमेरिकामा इतिहासकै ठूलो फर्सी फलेको छ । अमेरिकाको सनफ्रान्सिस्कोमा भएको फर्सी प्रतियोगितामा राखिएको १ हजार ७० किलो तौल भएको फर्सीले अमेरिकाको इतिहासकै वजनदार फर्सीको रुपमा किर्तिमान कायम गरेको हो । साथै यो फर्सी विश्वमा अहिलेसम्म फलेको दोश्रो ठूलो फर्सी बनेको छ । ४४ औं ध्यचमि ऋजकउयप्लकजष्ठ एगक्रउपष्ल ध्भष्नज(इा मा प्रदर्शित उक्त फर्सी जोएल होल्लार्ड नामक किसानले फलाएका हुन् । फर्सी प्रतियोगितामा उनको यो सातौं जित हो । यो फर्सी फलाउने किसानले २३६३ पाउण्ड तौलको फर्सीको प्रति पाउण्ड तौल बराबर ७ अमेरिकी डलरका हिसाबले १६५४१ डलर पुरस्कार पाए । स्मरण रहोस् विश्वमा अहिलेसम्म फलेको सबैभन्दा वजनदार फर्सी चाहीँ बेल्जियमको हो । बेल्जियमका किसान माथाइस विलेमिज्नसले गत वर्ष ११९० किलो तौलको फर्सी फलाएका थिए ।

### भालुको बथानले गाउँ बन्धक



भालुले गाउँलाई नै बन्धक बनाएको घटना कहिल्यै सुन्नुभएको छ ? सायद छैन होला । यस्तो घटना हालै रुसमा घटेको छ । रुसको एक गाउँलाई ध्रुविय भालु अर्थात् पोलर बियरको एक झुण्डले पछिल्लो केही दिनयता बन्धक बनाएको छ ।

भालुको समूहले गाउँलाई चारैतिरबाट घेरेपछि वन विभागको टोलीले उक्त गाउँका जनताको सुरक्षाका लागि गस्ती गरिरहेको छ । २० को संख्यामा रहेका भालुहरु यति आक्रामक छन् की घरका ढोका फोडेर घरभित्र छिर्ने कोसिस गरिरहेका छन् । आखिर भालुले गाउँलाई किन बन्धक बनाए त ? वास्तवमा यी भालुहरु आफ्नो सिकारको खोजी गर्दै गाउँसम्म आइपुगका हुन् ।

समाचार अनुसार उक्त गाउँसँगै जोडिएको एक पहाडि इलाकामा वालरस नामक स्तनधारी जनावर प्रजननका लागि जाने गर्दछ । वालरसको उक्त प्रजजनस्थलमा अचानक ध्रुविय भालुको समूह पुग्यो । पोलार भालुले प्रजननरत वालरसमाथि आक्रमण गरी केहीलाई सिकार बनाए र धेरै वालरसहरु त्यहाँबाट भागेर पहाडको तल खोँचसम्म आइपुगे र त्यहीँ रहेको गाउँमा प्रवेश गरे ।

वालरस गाउँ छिरेपछि भालुहरु पनि आफ्नो सिकार खोज्दै गाउँमा प्रवेश गरी अफ्नो सिकार वालरस नउम्किउन् भनेर गाउँलाई चारैतर्फबाट घेराबन्दी गरेको बताइएको छ ।

### साइकलमा प्रधानमन्त्री

देशको प्रधानमन्त्रीजस्तो भिआइपी सडकमा निस्किँदा हाम्रोमा त सुरक्षाको लागि भन्दै गाडीहरुको लावालस्कर नै हुन्छ अघिपछि । तर यो दुनियामा यस्तो देश पनि छ जहाँका प्रधानमन्त्री साइकल चढेर राजाको दरबारमा पुग्छन् अनि राजालाई नयाँ सरकार गठनको सूचना दिन्छन् ।

नेदरल्याण्डका प्रधानमन्त्री मार्क रुटले यस्तो अनौठो काम गरेका छन् । उनले नयाँ सरकार गठनको बारेमा सूचना दिन हालै साइकल चढेर राजदरबार पुगे । रुट सन् २०१० देखि निरन्तर सत्तामा छन् । गत मार्च १५ मा भएको चुनावमा नेदरल्याण्डमा कुनैपनि पार्टीले बहुमत प्राप्त



गरेन । हालै ४ पार्टीहरुले गठबन्धन गरी रुटलाई प्रधानमन्त्रीमा चयन गरे । उनले आगामी अक्टोबर २६ मा प्रधानमन्त्रीको नयाँ कार्यकालको सपथ लिँदैछन् । स्मरण रहोस् रुटले गत जून महिनामा भारतीय प्रधानमन्त्री मोदीलाई नेदरल्याण्ड भ्रमणका क्रममा साइकल उपहार दिएका दिए । रुट प्रधानमन्त्री कार्यालयमा पनि साइकल चढेरै जाने गरेका छन् ।

### बाँदरझैं बालिका

यी बच्ची जहाँ जहाँ जान्छिन् उनलाई मानिसहरुले घुरेर हेर्छन् । उनले जे काम गर्छिन् मानिसहरुले अनौठो नजरले हेर्छन् । कारण यत्तिमात्र हो की उनको अनुहार पूरै झुत्लाले ढाकिएको छ । सोही कारण मानिसहरुले उनको नाम नै बदलेर बाँदर मुखे अर्थात् मंकी फेस राखिदिएका छन् । यिनको वास्तविक नाम सुपात्रा सासुफान हो । थाइल्याण्डको बैंकककी सुपात्राको अनुहार साधारण मानिसको भन्दा विल्कुल फरक देखिन्छ । अनुहारभरी बाँदरको जस्तै रौं पलाएका छन् ।

यस्तो प्रकारको रोगलाई अमब्रास सिन्ड्रोम भनिन्छ । जसमा अनुहारभर रौं पलाउँछन् । सुपात्राको अनुहारमा मात्र होइन हात, कान, पिठ्यूँ तथा खुट्टामा समेत यस्तै बाक्लै रौं पलाएका छन् ।

*एजेन्सीहरुबाट*

प्रेरक

## जीवनको मूल्य

एक दिन एकजना मान्छेले भगवान बुद्धलाई सोधे,- मेरो जीवनको मूल्य के हो ? बुद्धले उनका हातमा एउटा चम्किलो पत्थर थमाएर भने- 'जाऊ यो पत्थरको मूल्य कति हो ? पत्ता लगाएर आऊ' तर हेक्का राख नि, तिमीले यसलाई बेच्न पाउँदैनौ । यसको मूल्य मात्र पत्ता लगाएर आऊ ।

ती व्यक्ति पत्थर लिएर बजार घुम्न थाले । सबभन्दा पहिले उनी फलफूल पसलेकहाँ पुगे र पसलेलाई सोधे- 'यो पत्थरको मूल्य कति हो ? पसलेले पत्थरलाई ओल्टाइपल्टाई हेरेर भने- भाइ म तिमीलाई एक दर्जन सुन्तला दिन्छु यो पत्थर मलाई देऊ ।' त्यसपछि उनी तरकारी पसलेलाई पत्थर देखाउन पुगे । पसलेले भने- म तिमीलाई एक बोरा आलु दिन्छु पत्थर मलाई देऊ ।'

तरकारी पसलेपछि उनी त्यो पत्थर लिएर सुन पसलेकहाँ गए । पत्थर देख्नासाथ सुन पसलेका आँखा चम्किए । उनले भने- 'यो पत्थर मलाई देऊ । म तिमीलाई ५० लाख रुपैयाँ दिन्छु । जवाफमा ती व्यक्तिले भने- 'मलाई मेरा गुरुले यसलाई नबेच्नु भन्नुभएको छ । म तिमीलाई एक करोड दिन्छु । सुन पसलेले भाउ बढाए तर ती व्यक्तिले बेच्न मानेनन् ।

त्यसपछि उनी हिरा व्यापारीकहाँ पुगे । जौहारीले कपडा ओछ्याएर त्यो पत्थर राखेर त्यसको परिक्रमा गरे र त्यसलाई ढोगे । उनले भने- तिमीले यो अमूल्य रुबी कहाँबाट ल्यायौ ? यो यति अमूल्य छ कि सिंगो दुनियाँ बेचे पनि यसलाई किन्ने पैसा आउँदैन । ती व्यक्ति आश्चर्यचकित भए । सिधै बुद्धकहाँ गएर फलफूल पसले, तरकारी पसले सुन व्यापारी र जौहारीसँग भएका कुराकानीको वृत्तान्त सुनाए । त्यसपछि बुद्धले भने फलफूल पसलेले यो पत्थरको मूल्य एक दर्जन सुन्तला बतायो । तरकारी पसलेले यसलाई एक बोरा आलु बराबर सम्झ्यो । सुन पसलेका निम्ति यसको मूल्य एक करोड थियो र जौहारीका निम्ति यो अमूल्य ठहरियो । ती व्यक्तिले बुझिन भन्ने भावमा टाउको हल्लाए । तिम्रो जीवनको मूल्य पनि यस्तै हो । बुद्धले भने तिमी अमूल्य हिरा हौ । तर मान्छेहरु आफ्नो हैसियत, औकात र जानकारीअनुसार तिम्रो मूल्य तोक्छन् । संसारमा तिमीलाई चिन्ने कोही न कोही अवश्य भेटिनेछ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्य र अर्थका हिसाबले दिन कमजोर रहनेछ । परिस्थितिले अप्ठ्यारा चुनौतीहरूसँग सम्झौता गराउन सक्छ । अवसरका लागि दौडधुप गर्नुपर्ला । तत्काल लाभ नभए पनि साँझदेखि सकारात्मक संकेतहरू प्राप्त हुनेछन् । प्रयत्न गर्दा नयाँ जिम्मेवारी प्राप्त हुने समय छ । धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । भविष्यमा फाइदा हुने काम प्रारम्भ हुनेछ ।

### बृष

व्यापार-व्यवसायमा मनग्य लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिलो हुनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर प्राप्त हुनेछ । काममा परिवारजनको साथले उत्साहित भइनेछ । साँझदेखि भने सानातिना समस्यामै अल्झनुपर्ने देखिन्छ । स्वास्थ्य कमजोर रहनाले चिताएको काम सम्पादन गर्न नसकिएला । श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य प्राप्त नहुन सक्छ ।

### मिथुन

पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । साँझदेखि यात्रा गर्ने अवसर जुट्नुका साथै अतिथिका रूपमा सम्मान पाइनेछ । तर, वादविवाद गर्ने बानीले अवसर गुम्न सक्छ । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले उत्साह जगाउनेछ ।

### कर्कट

अध्ययनमा समय दिन नसकिएला । बुद्धिको उपयोगले मात्र लक्ष्य पहिल्याउन सकिनेछ । समयको मागलाई ध्यान दिन नसक्दा पनि पछि परिनेछ । साँझदेखि प्रतिस्पर्धीलाई उछिन्दै आम्दानी बढाउने अवसर प्राप्त हुनेछ । रचनात्मक कार्यले फाइदा दिनेछ । आफ्नो क्षेत्रमा अधिकार जमाउन सफल भइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । आम्दानीका नयाँ स्रोतसमेत फेला पर्नेछन् ।

### सिंह

पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । कामका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुपर्ला । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ । कृषि, पशुधन र अचल सम्पत्तिको उपयोग गर्ने आवश्यकता पर्न सक्छ । साँझदेखि बाधाहरू स्वतस् हट्नेछन् । बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

### कन्या

गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । साँझदेखि उपलब्धिका लागि काम दोहोर्याउनुपर्ला । आफन्तहरू टाढिने डरले सताउनेछ । पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला ।

### तुला

विभिन्न सहयोग र उपहार पाइनेछ । आयआर्जन पनि राम्रै होला । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । मनपर्ने भौतिक साधन जोड्ने समय छ । साँझदेखि रोकिएका काम बन्नेछन् भने चिताएका काम प्रारम्भ गर्न सकिनेछ । प्रतिस्पर्धीलाई पछि पार्दै फाइदा उठाउन सकिनेछ । व्यवसायमा मनग्य धन लाभ हुनेछ । सहयोगीहरूको भावना बुझ्ने प्रयत्न गर्नुहोला, दिन रमाइलो हुनेछ ।

### वृश्चिक

प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । हिम्मतले काम बनाउन सकिनेछ । ईर्ष्या गर्नेहरूको मनोबल कमजोर हुनेछ । सानो प्रयत्नले ठूलो फाइदा हुनेछ । दीर्घकालसम्म फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । आजको उपलब्धिले थप उत्साह जगाउनेछ । बोलीको भरमा काम सम्पादन हुन सक्छ ।

### धनु

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम रोकिन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । साँझदेखि स्थितिमा सुधार आउनेछ भने पारिवारिक भेटघाटले खुसियाली छाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ ।

### मकर

मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ भने गरेका कामबाट सामान्य लाभ मिल्नेछ । सानो प्रयत्नले ऋणमोचन हुने सम्भावना छ । साँझदेखि ईर्ष्या गर्नेहरूले फसाउन सक्छन् । सोखले फजुल खर्च बढाउन सक्छ । आलस्य गर्दा आँटेको काम बीचैमा रोकिन सक्छ । अर्थ संग्रहमा बाधा पुग्नेछ । तापनि लगनशील बन्दा नियमित काम सम्पादन गर्न सकिनेछ ।

### कुम्भ

प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । साझेदारी र सट्टापट्टामा पनि सामान्य धन आर्जन गर्न सकिनेछ । साँझदेखि आयस्रोतका लागि लगानी गर्नुपर्ला । पछि फाइदा हुने काम प्रारम्भ होला ।

### मीन

प्रतीक्षित नतिजा कमजोर देखिन सक्छ । मिहिनेत परे पनि कम मात्र फाइदा उठाउन सकिनेछ । अरूको फाइदाका लागि उपयोग भइने समय रहेकाले सावधान रहनुहोला । साँझदेखि स्थितिमा सुधार आउनेछ । धेरैले साथ दिनेछन् । जिम्मेवारी हात पार्ने मौका छ । प्रतिष्ठित कामले आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सफल भइनेछ ।

## 'सकस'को शिर्ष गीत सार्वजनिक



कात्तिक २४ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्म 'सकस'को शिर्ष गीत सार्वजनिक भएको छ । प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण पक्षले फिल्ममा समावेश 'सकस' बोलको शिर्ष गीत सार्वजनिक गरेको हो । गीतको भिडियोले काठमाडौंमा हुने अपराधिक घट्नालाई देखाउन खोजेको छ । गीतमा चेतन सापकोटाको स्वर र संगीत छ । दोभान फिल्मस् प्रा.लि.को ब्यानरमा अक्कल सिंह प्रस्तुतकर्ता रहेको 'सकस'का निर्माता सुन्दर श्रेष्ठ, हेमराज बस्नेत र खगेन्द्र डागी हुन् । फिल्ममा हिमाल केसीको द्वन्द्व, चेतन सापकोटाको संगीत, गौतम राज खड्काको सम्पादन, कृष्ण श्रेष्ठको छायाँकन रहेको छ ।

## फेसबुकले तनाब



'प्रेमगीत' अगाडि दर्शकमाझ क्लिक हुन नसकेकी नायिका पूजा शर्मा अहिलेकी सर्वाधिक चर्चित नायिका हुन् । 'प्रेमगीत'ले नसोचेको सफलताको सिढी चढाएपछि पछिल्लो समय पूजाको फ्यान फलोइंग गज्जबको देख्न सकिन्छ । रिल होस वा रियल, चुलबुले नायिकाको रुपमा चिनिएकी पूजा अभिनित तथा निर्मित फिल्म 'म यस्तो गीत गाउँछु' यसै वर्ष प्रदर्शनमा आएको थियो । अभिनयसँगै फिल्म निर्माणमा पनि सफलता हासिल गरेकी पूजा चाँडै 'म यस्तो गीत गाउँछु २' को काममा व्यस्त हुँदैछिन् । तर, केहीदिन यता आफ्नो फ्यानका कारण पूजा निकै तनाबमा देखिएकी छिन् । सामाजिक सञ्जाल फेसबुक, ट्विटर, इन्टाग्राममा एउटा स्टार कलाकारलाई उनका प्रशंसकले कुरा गर्न खोज्नु, विभिन्न जानकारी प्राप्त गर्न खोज्नु सामान्य हो । तर, आफ्ना 'भगवान' भनिएका फ्यानले नै फेक फेसबुक आईडी बनाएर गलत काम गर्न थालेपछि कलाकारको भोक-निन्द्रा उड्न थालेको छ ।

## 'आर्या' मा शिल्पा




छविराज प्रोडक्शनको आश र भरोसाकी नायिका शिल्पा पोखरेल नयाँ फिल्ममा अनुवन्धित भएकी छिन् । असोज ११ गतेबाट पोष्टपोन्ड भएर आफू अभिनित तथा निर्मित फिल्म 'मंगलम' फागुन ४ गते पुगेपछि यो बीचमा उनले 'आर्या' नामक फिल्ममा अभिनय गर्न लागेकी हुन् । बुधवार राजधानीमा एक कार्यक्रमका बीच फिल्मको शुभ मुहर्त गरियो ।

लक्ष्मण सिटौलाद्वारा लिखित चर्चित कृति 'आर्या'मा आधारित भएर निर्माण हुन लागेको फिल्ममा शिल्पा मुख्य भूमिकामा देखिन लागेकी हुन् । श्री तिमिल्सिना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई उपेन्द्र तिमिल्सिनाले निर्देशन गर्दैछन् । शिल्पाका अलावा फिल्ममा अनुपविक्रम शाही, रवि गिरी, सुशिल पोखरेल, गीता अधिकारी, निरञ्जन शर्माकोको पनि मुख्य भूमिका रहनेछ ।

## मिस वर्ल्डको लागि निकिता चीनमा




मिस नेपाल २०१७ की बिजेता निकिता अहिले चीनमा छिन् । आगामी मंसिर २ गते हुने मिस वर्ल्ड प्रतियोगिताको फाईनलको लागि निकिता चीन पुगेकी हुन् । चीनमा उनी अन्य बिभिन्न देशका प्रतिस्पर्धीहरुसँग ग्रुमिङ क्लास तथा तालिमहरु लिईरहेकी छिन् । निकिताले चीनबाट त्यहाँका अपडेटहरु आफ्नो सामाजिक संजालमा पनि पोस्ट गरिरहेकी छिन् । केहि दिन अघि भएको डान्सको प्रस्तुतीमा निकिता नेपाली पहिरनमा देखिएकी थिईन् ।

## 'कोहलपुर एक्सप्रेस' को घोषणा




नायिका केकी अधिकारीले चलचित्र वुझ्देखि नै चलचित्र निर्माणको सपना देखेकी थिइन् । उनले, सोमबार चलचित्र 'कोहलपुर एक्सप्रेस'को घोषणा गर्दै सानैदेखि वुनेको एउटा सपना पुरा गरेकी छिन् । केकी अधिकारीको होम प्रोडक्शन जुनकिरी आर्टस्बाट निर्माण हुन लागेको चलचित्रको सोमबार घोषणा गरियो । कात्तिक १३ गतेबाट यो चलचित्रको छायांकन बाँकेमा गरिनेछ ।

चलचित्रलाई म्यूजिक भिडियो निर्देशनमा जम्दै गरेका विशाल भण्डारीले निर्देशन गर्दैछन् । चलचित्रमा केकी अधिकारीको अलवा प्रियं का कार्की, ऋचा शर्मा, विनोद न्यौपाने, वृद्धि तामाङ, रविन्द्र झा लगायतका कलाकारको मुख्य भूमिका रहनेछ । चलचित्रमा अर्जुन पोखरेल, राजनराज सिवाकोटी, कालिप्रसाद बाँस्कोटाको संगीत रहनेछ ।

केकीले पत्रकार सम्मेलनमा भनिन्- 'यो मेरो सपनाको चलचित्र हो । एउटा राम्रो चलचित्र दर्शकमाझ लिएर आउने अठोटका साथ निर्माणमा हात हाल्दैछु । चलचित्रले तिन यूवतीको कथा भन्नेछ ।' चलचित्रमा केकीको साथमा भद्रबहादुर शाही, देविलाल न्यौपाने, शिव प्रसाद चौलागाइको लगानी रहनेछ । शान बस्नेतको कथा, अर्जुन तिवारीको छायांकन, लोकेश बज्रचार्यको सम्पादन, गम्भिर बिष्टको नृत्य यो चलचित्रमा रहनेछ । पत्रकार सम्मेलनमा नायिका प्रियंका कार्की, निर्मात्री केकी अधिकारी लगायतको उपस्थिती थियो ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Listless = जोस जाँगर नभएको I never thought that he could have been a listless personality (ऊ यस्तो जोसजागर नभएको व्यक्ति होला भनेर मैले सोचेकोसम्म थिइनँ)

Mordant = घोचपेच गर्ने खालको, तिखो Actors always fear of journalists' mordant pen (कलाकारहरू सधैं पत्रकारहरूको तिखो कलमदेखि तर्सन्छन्)

Natation = पौडीसँग सम्बन्धित There are some institutes that offer courses in natation (पौडीसम्बन्धी व्यवहारिक तालिम (कोर्श) दिने इष्टिच्युटहरू पनि हुन्छन्)

Onus = जिम्मेवारी In order to escape the onus of signing the agreement, he resigned from his job (सम्झौतामा हस्ताक्षर गरी कामको जिम्मा लिनु पर्ला भनेर उसले जागिरबाट राजिनामा दियो)

Pylon = दिशानिर्देश गर्ने खम्बाहरू The illuminated pylons at the airport facilitate landing and takeoff (विमानस्थलमा रहेका दिशानिर्देश गर्ने बत्तीका खम्बाहरूले विमानको उडान र अवतरणलाई सजिलो बनाउँछन्)

Purge = अनावश्यक कुरा काँटछाँट गर्ने As I found this article very much lengthy I suggested him to purge (यो लेख ज्यादै लामो भएको कारण मैले उसलाई अनावश्यक कुराहरू छाँटकाट गर्ने सल्लाह दिए)

Rivulet = खहरे, सानो नदी During the rainy season even the rivulets cuts the banks (वर्षा भइरहँदा खहरेले पनि कटान गर्दछ)

Sycophant = चाकडीवाज, अनावश्यक रुपले प्रशंसा गर्ने व्यक्ति System collapses when sycophants have their say (चाकडीवाजहरूको हालमुहाली भयो भने कुनै पनि व्यवस्थाले काम गर्दैन)

Traumatic = दर्दपूर्ण Our defeat with East India Company was traumatic because with this we lost our territories of Tista and Kangra -इस्ट इन्डिया कम्पनीसँगको हाम्रो हार दर्दपूर्ण थियो किनकी त्यसको कारण हामीले टिस्टा र काँगडा प्रदेश गुमाएका थियौं)

Unfrock = नंग्याउनु To unfrock a priest is an extreme step so that it is done after due consideration (पुरोहितलाई नंग्याउनु भनेको चानचुने कुरा होइन विचार पुर्याएर मात्र गर्नुपर्दछ)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

एकैचोटि सबभन्दा धेरै फुल पार्ने पक्षीको नाम के हो ?
- तित्रा

सर्वप्रथम अंग्रेजी शब्द लेख्ने नेपाली विद्वान को हुन् ?
- पुष्कर शमशेर

सर्वप्रथम त्रिभुवन विमानस्थलमा सबभन्दा ठूलो हवाईजहाज कुन ओर्लेको थियो ?
- डिसी १०

सर्वोच्च अदालतको स्थापना कहिले भयो ?
- २०१३ जेठ ८

केटी देख्नेबित्तिकै बिरामी हुने वैज्ञानिक को हुन् ?
- हेनरी क्याभेन्डिस

बिना अक्सिजन सगरमाथा चढ्ने प्रथम व्यक्ति को हुन् ?
- पिटर हाब्लर र रोनोल्ड मेशनोर

कहिले र कसको निमन्त्रणामा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको काठमाडौं आगमन भयो ?
- २००८/३/२, श्री ५ त्रिभुवन

नेपालमा सरकारी अड्डा खानाहरूमा सर्वप्रथम कहिले हडताल भयो ?
- २००९/२/१९

त्रिविविबाट पीएचडी गर्ने प्रथम महिला को हुन् ?
- बिनु लोहनी

एक हातले ल्याटिन र अर्को हातले ग्रिक भाषा लेख्ने व्यक्ति को हुन् र कुन देशका हुन् ?
- जेम्स ए गारफिल्ड, अमेरिका

पहिले अन्तर्राष्ट्रिय फिल्म महोत्सव कहाँ र कहिले भएको थियो ?
- भारत, सन् १९५२

भक्तपुरको पशुपतिनाथको मन्दिर कसले बनाएका हुन् ?
- राजा जितामित्र मल्ल

अमेरिका र क्यानडाको बीचमा बग्ने तालको नाम के हो ?
- सुपेरियल ताल

## फरक थाहा पाई राख्नुहोस्

Awake = ब्युँझनु, ब्युँझाउनु When the nurse entered, she awoke (नर्सभित्र पस्नासाथ तिनी ब्युँझिन He awoke the sleeping child सुतिरहेको बच्चालाई उसले ब्युँझायो ।

Be awake = जाग्राम वा नसुतिरहनु Are the children still awake ? (बच्चाहरू अझै सुतेका छैनन् ? ) They are not awake yet ( तिनीहरू अझै ब्युँझेका छैनन् ?)

Wake आफूलाई ब्युँझाउनु She has just woken from a deep sleep (तिनी भर्खरै गहिरो निन्द्राबाट ब्युँझिएकी छिन्) What time do you usually wake in the morning (बिहानमा प्रायजसो तिमी कति बजे ब्युँझन्छौ)

Wax = क्रमशः बढ्दै जानु His anger waxed strong as he saw me मलाई देख्नासाथ उसको क्रोध बेस्सरी बढ्यो ।

Wane = क्रमशः घट्दै जानु As I saw him lazy, my interest in this plan is beginning to wane उसलाई अल्छि देखेर यो योजनाप्रतिको मेरो चाख क्रमशः घट्न सुरु भएको छ ।

Wont to = बानी परेको He is wont to a lengthy speech उसको लामो भाषण गर्ने बानी परेको छ ।

Wont = बानी She goes for morning walk as her wont बानीको रुपमा तिनी एका बिहानै हिँड्छिन्

Funny = हाँसो उठ्दो, हावा I had a funny feeling about him before पहिले पहिले ऊ मलाई हावाजस्तो लाग्दथ्यो ।

Strange = अनौठो I had a strange feeling about him before पहिले पहिले उसलाई देखेर मलाई अनौठो लाग्दथ्यो ।

Peculiar = भिन्न तरिकाको । कसैसँग पनि नमिल्ने His style of writing is peculiar उसको लेख्ने तरिका कसैसँग पनि मिल्ने खालको छैन)

## सुडोकु-अंक ७४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ७ | | | |
| ५ | | ६ | | | | २ | | ८ |
| | ७ | | | | | | ३ | |
| २ | | | ८ | | ६ | | | ३ |
| | | ४ | ३ | | ९ | ८ | | |
| ९ | | | २ | | ४ | | | ७ |
| | २ | | | | | | १ | |
| ८ | | १ | | | | ७ | | ४ |
| | | | ५ | ३ | १ | | | |

## अंक ७३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | ५ | २ | ३ | ६ | ९ | ४ | ८ |
| ९ | २ | ८ | ४ | १ | ७ | ३ | ५ | ६ |
| ३ | ४ | ६ | ८ | ९ | ५ | ७ | २ | १ |
| ८ | ९ | ४ | ३ | ७ | २ | ६ | १ | ५ |
| ५ | ७ | ३ | १ | ६ | ४ | २ | ८ | ९ |
| २ | ६ | १ | ५ | ८ | ९ | ४ | ३ | ७ |
| ६ | ८ | २ | ७ | ४ | १ | ५ | ९ | ३ |
| ४ | ३ | ७ | ९ | ५ | ८ | १ | ६ | २ |
| १ | ५ | ९ | ६ | २ | ३ | ८ | ७ | ४ |

# स्वास्थ्य शिविर सञ्चालनमा बालविकास समाज



स्वास्थ्य शिविरमा सहभागी बालबालिका तथा अभिभावकहरू




स्वास्थ्य परीक्षण गर्दै डा. रीता सिंह



बालबालिकाको दन्त परीक्षण गर्दै डाक्टर



बालबालिकालाई मञ्जन वितरण गर्दै सुरेन्द्र ढकाल



बालबालिकालाई ब्रस मञ्जन वितरण गर्दै ढकाल




निःशुल्क दन्त शिविर कार्यक्रममा मन्तव्य राख्दै ढकाल



बालबालिकाको दन्त परीक्षण गरिंदै




१ दिने निःशुल्क दन्त शिविर कार्यक्रमपछि तस्बिर खिचाउँदै



बालबालिकालाई परामर्श दिंदै हेल्थ इन्चार्ज

**बाल विकास समाजद्धारा निशुल्क स्वास्थ्य शिविर सञ्चालन**

बाल विकास समाजले स्वास्थ्य कार्यक्रममार्फत विपन्न वर्गका बालबालिका तथा अभिभावकहरुलाई स्वास्थ्य सेवा दिदै आइरहेको छ । संस्थाले आफ्नै भवनमा मातृ शिशु क्लिनिक सञ्चालन गरी विभिन्न समयमा निशुल्क शिविरहरु समेत महिला तथा बालबालिकाहरुलाई लक्षित गरी सञ्चालन गर्दै आइरहेको छ । यसैगरी संस्थाद्धारा एक दिने निशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ। उक्त शिविरमा समुदयबाट विशेषगरी महिला तथा बालालिकाहरुको बाक्लो सहभागिता रहेको थियो ।

स्वास्थ्य शिविर कार्यक्रम रोटरी क्लव अफ ब्ल्याकउड अष्ट्रेलियाको आर्थिक सहयोग तथा स्वास्थ्य क्षेत्रका स्वयमसेवकहरुको सहायतामा सम्पन्न भएको हो । सोही अवसरमा शिविरमा आउने विरामीहरुलाई स्वास्थ्य परिक्षण गरी निशुल्क रुपमा औषधी समेत वितरण गरिएको थियो । यस शिविरमा हाडजोर्नी तथा पेटमा समस्या भएका विरामीहरुको चाप उच्च रहेको पाइएको थियो । शिविरमा डा. रिता सिंह र डा. प्रदिप जोशीले स्वास्थ्य परिक्षण गर्नु भएको थियो । विपन्न वर्गका बालबालिका तथा अभिभावकहरुलाई सेवा दिन पाउदा खुशी र गर्वको महशुस भएको कुरा स्वयमसेवकहरुको भनाइ रहेको छ । सोही शिविरमा संस्थाका कोषाध्यक्ष तथा उपमहासचिवको पनि सहभागिता रहेको थियो । सोही क्रममा कोषाध्यक्ष सुरेन्द्र ढकालले निशुल्क रुपमा औषधी उपलब्ध गराउने निकायहरुलाई धन्यवाद दिनु भएको थियो । त्यसैगरी उहाँले निशुल्क रुपमा बालबालिका तथा अभिभावकहरुको स्वास्थ्य परिक्षण गर्नु हुने डा. रिता सिंह र डा. प्रदिप जोशीलाई पनि संस्थाको तर्फबाट धन्यवाद दिनु भएको थियो । बाल विकास समाजले समय समयमा निशुल्क रुपमा स्वास्थ्य शिविरको आयोजना गरी यस समाजमा रहेका विपन्न वर्गका बालबालिका तथा अभिभावकहरुलाई स्वास्थ्य सेवा दिदै आएको र आगामी दिनहरुमा पनि यस किसिमका सेवाहरु दिनका लागि संस्था सधै लागिपर्ने कुरा समेत कोषाध्यक्ष ढकालले उल्लेख गर्नु भएको थियो । शिविरमा राजन ड्रग हाउस, पन्चकन्या मेडिसिन डिस्ट्रीब्युसन, नमस्ते मेडिसिन सेन्टर, श्री रेज नेपाल, गौतम मेडिसिन सप्लायर्स, सचेत युवा समुह, निशान्त थापा, विनय खरेल र डा. रिता सिंहले निशुल्क रुपमा औषधी उपलब्ध गराउनु भएको थियो । यसैक्रममा संस्थाका उपमहासचिव उद्धवराज पौडयालले यस शिविरबाट बालबालिका तथा अभिभावकहरुले निशुल्क रुपमा सेवा पाउनु नै संस्थाका लागि गर्वको कुरा भएको उल्लेख गर्नु भएको थियो । आगामी दिनमा पनि यस प्रकारका कार्यक्रमहरुका लागि संस्थाले पहल गर्ने कुरा पनि उहाँले बताउनु भएको थियो ।

यसैगरी संस्थाले कार्तिक ७ गते निशुल्क दन्त शिविरको आयोजना गरेको छ । संस्थाले सचेत युवा समुहको प्राविधिक सहयोगमा एक दिने निशुल्क दन्त शिविर सम्पन्न गरेको हो । शिविरमा बाल कुमारी आधारभूत विद्यालयका बालबालिका तथा उनीहरुका अभिभावकहरुको सहभागिता रहेको थियो । यसैक्रममा संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकालको हातबाट बालबालिका तथा अभिभावकहरुलाई निशुल्क रुपमा ब्रस तथा मञ्जन वितरण गरिएको थियो । शिविरमा डेन्टल डाक्टर र हाइजेनिस्टहरुले दन्त परिक्षण गरेका थिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकालले सचेत युवा समुह तथा डेन्टल डाक्टरहरुलाई धन्यवाद दिनु भएको थियो । समग्र बालबालिकाहरुको स्वास्थ्यमा पहुँच वृद्धि गर्ने उद्देश्यबाट संस्थाले मातृ शिशु क्लिनिक सञ्चालन गरी विपन्न वर्गका बालबालिका तथा महिलाहरुलाई निशुल्क रुपमा सेवा दिदै आएको कुरा उल्लेख गर्दै आगामी दिनमा पनि विभिन्न निकायसँगको समन्वयमा यस किसिमका कार्यक्रमहरु गर्दै जाने कुरा बताउनु भएको थियो । उक्त स्वास्थ्य शिविर कार्यक्रमको सम्पूर्ण व्यवस्थापन हेल्थ इन्चार्ज राधिका श्रेष्ठले गर्नु भएको थियो । दन्त परिक्षणका साथै बालबालिकाहरुलाई आवश्यक परामर्श पनि दिइएको थियो ।

**प्रस्तुति : राधिका श्रेष्ठ/गोविन्द विक**

## सी...

विशेषतासहित नयाँ युगमा समाजवादको निरन्तरता विकास समाजको विकास र विकासको दिशा, रणनीतिक कदम, बाहिरी परिस्थिति रणनीतिक कदम लगायतका विषयलाई सम्बोधन गरेको छ । विचारधाराले दुई शताब्दीको लक्ष्यलाई स्पष्ट पार्दै चीनलाई सांस्कृतिक सम्पन्नता, लोकतान्त्रिक, समृद्ध र शक्तिशाली आधुनिक समाजवादी देशका रुपमा स्थापित गर्ने लक्ष्य लिएको छ । सीले २१ औं शताब्दीको मध्यसम्ममा महान आधुनिक समाजवादी राष्ट्र बनाउन दुई चरणका लक्ष्यसमेत तय गरेका छन् । जसअनुसार सन् २०३५ सम्म कम्युनिस्ट पार्टीले समाजवादी आधुनिकीकरणमा जोड दिने र सन् २०५० सम्ममा समृद्ध शक्तिशालील लोकतान्त्रिक, सांस्कृतिक विचारधारामा १४ प्रमुख सिद्धान्त रहेको सिन्हवाले जनाएको छ । जसमध्ये पूर्व सुधार, विकासका नयाँ अवधारणा, मानव जाति र प्रकृतिको साझा भविष्य, सेनामाथि पार्टीको पूर्ण नियन्त्रण, एक राष्ट्र दुई प्रणालीलगायतका विचारहरु उल्लेख रहेको समाचारमा जनाइएको छ ।

सी विचारधारालाई चिनियाँ सन्दर्भमा मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई समयसापेक्ष लागू गर्ने प्रणालीको रुपमा विश्लेषण गरिएको छ । यसले आफ्नो विकासको गति बढाउन चाहने अन्य देश र राष्ट्रहरुलाई चिनियाँ विवेक र चिनियाँ प्रणालीमार्फत समस्याको समाधान गर्न नयाँ विकल्प दिनेछ । राष्ट्रपति सीले भनेका छन् । चिनियाँ सरकारी मुखपत्र ग्लोबल टाइम्सले सीको विचारधारालाई वास्तविक समाजवादका रुपमा चित्रण गरेको छ । 'यो समाजवाद हो, नयाँ युगमा जनताको समृद्धि जीवनप्रति पार्टीको प्रतिबद्धता हो ।' ग्लोबल टाइम्सको सम्पादकीयमा भनिएको छ । चीनको सत्तारुढ कम्युनिस्ट पार्टीले राष्ट्रपति सी जिन पिङलाई पार्टीको विधानमा माओ सरहको स्थान दिएको बीबीसीले जनाएको छ । चीनमा हालसम्म त्यस्तो सम्मान कम्युनिस्ट पार्टीका संस्थापक नेता माओलाई र सन् १९८० को दशकमा चीनमा आर्थिक सुधार ल्याएका देङ सिआओपिङलाई मात्र दिएको थियो । बीबीसीका चीन सम्पादक क्यारी ग्रेली भन्छिन्- कम्युनिस्ट चीनमा यो तेस्रो चरणको विकासले पार्टीको महत्वाकांक्षालाई देशभित्रै र विदेशमा सशक्त रुपमा लागू गराउने संकेत गरेको छ ।

सन् २०१२ मा सी चिनियाँ कम्युनिस्ट पार्टीको महासचिव चुनिँदै गर्दा चिनियाँ सैन्य जगत भ्रष्टाचारमा लिप्त हुँदै थियो । सीले त्यसलाई नियन्त्रण गर्दै अगाडि बढे । उनको भ्रष्टाचार विरोधी अभियानले उनलाई थप स्थापित बनाउँदै लग्यो । उनको यो अभियानका क्रममा हजारौं कम्युनिस्ट पार्टीका कार्यकर्ताहरु तथा दुई सयभन्दा बढी मन्त्रिस्तरका नेताहरु कारबाहीमा परे । उनी सत्तामा आएसँगै पार्टी नेतृत्वलाई केन्द्रिकृत र मजबुत बनाउँदै लगे । उनले पार्टीको उपस्थितिलाई देशका सबै संस्था एजेन्सी र व्यवसायसम्म पुऱ्याए । अहिले चीनमा निजी क्षेत्र र विदेशी लगानी भएका कम्पनीमा समेत चिनियाँ कम्युनिस्ट पार्टीको कमिटी हुन आवश्यक छ । चीन अहिले अर्थतन्त्रको हिसाबले अमेरिकापछि दोस्रो ठूलो देशको हैसियतमा छ । जनसंख्या विकासको दर र सम्भावनाका दृष्टिकोणमा अबको आधा दशकपछि चीन विश्वको महाशक्ति राष्ट्र बन्दैछ । आणविक अस्त्रहरु र शक्तिशाली जनमुक्ति सेना भएको चीन पृथ्वीमा मात्र होइन चन्द्रमामा समेत प्रभुत्व जमाउने तयारीमा छ । मंगल, बुध अनि शनि लगायतका ग्रहहरुको अन्वेषण गरिरहेको छ । विज्ञान र प्रविधिको क्षेत्रमा चीनले चमत्कारी उपलब्धिहरु हासिल गरिरहेको छ । चीनले सहयोगका हातहरु एसिया अफ्रिकादेखि ल्याटिन अमेरिकासम्म अघि बढाइरहेको छ । मध्यपूर्वमा स्थापित अमेरिकी प्रभुत्वका लागि पनि चीन ठूलो चुनौतीका रुपमा खडा भएको छ । सोभियत संघको विघटनपछि अति महाशक्ति राष्ट्रको ताज पहिरिएको संयुक्त राज्य अमेरिका चीनले ताज खोस्ने डरले त्राहिमाम भएको देखिन्छ । यसैले त अमेरिकाले चीनलाई घेर्ने र कमजोर पार्ने रणनीति अख्तियार गरिरहेको छ । विश्व राजनीतिक मञ्चमा चीनको बलशाली उपस्थितिले एकल ध्रुवीय विश्व क्रमशः विभाजित हुँदैछ । यसको अर्थ हो साम्राज्यवाद पतोन्मुख दिशामा धकेलिँदैछ । विश्व शक्तिमानको हैसियतमा उक्लिसकेको चीन सी जिन पिङको नेतृत्वलाई संसारले गहिरो चासो राख्नु स्वाभाविक छ ।

चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओको नेतृत्वमा चीनले जनवादी क्रान्ति पूरा गरेको आगामी अक्टोबरमा ६८ वर्ष पुग्दैछ । माओले चीनमा गुरिल्ला युद्धद्वारा गाउँले सहरलाई घेर्ने केन्द्रीय सत्ता कब्जा गर्ने दीर्घकालीन रणनीति अघि सारेका थिए । चिनियाँ भूगोल, सामाजिक बनावट र चिनियाँ जनताको प्रमुख अन्तरर्द्वन्द्व गहिरो विश्लेषण गर्दै माओले चीनमा फरक ढंगको मौलिक नयाँ जनवादी क्रान्ति सम्पन्न गरेका थिए । माओद्वारा प्रतिस्थापित क्रान्तिको सिद्धान्तलाई नै विश्वका कम्युनिस्टहरुले विचारधारा वादको रुपमा मार्गनिर्देशक सिद्धान्त मानेका छन् । रुसमा लेनिनले जुन तरिकाले समाजवादी क्रान्ति सम्पन्न गरेका थिए त्यसको अनुशरण माओले गरेनन् । उनले चीनको विशिष्ट परिस्थितिमा मजदुर किसानको सहयोगमा च्याङ काई सेकको सत्तालाई ध्वस्त गरेका थिए । अमेरिका समर्थित च्याङ काई सेकको कोमिन्ताङ सरकारमाथि विजय प्राप्त गर्दा र जापानी साम्राज्यवादलाई हराउँदा माओले चीनमा मजदुर किसान एकतामा आधारित सरकारको स्थापना गर्ने बताएका थिए । तर उनले त्यसलाई भने कार्यान्वयन गरेनन् । चिनियाँ कम्युनिस्ट पार्टी नै सत्तामा प्रभावशाली रहँदै आयो । चिनियाँ समाजवादी सत्तामा नोकरशाही प्रभावी हुन पाएन, चीनमा सधैं राजनीति पक्ष नै बलशाली रहँदै आयो । सोभियत समाजवादी सत्तामा जस्तो नोकरशाहीमाथि नियन्त्रण राख्न सकेकैले सायद आजसम्म चीनमा समाजवाद सुरक्षित छ । चिनियाँ राष्ट्रपति सी जिन पिङका बुवा माओकालीन क्रान्तिकारी मध्येका हुन् । सी हरेक चुनौतीहरुको सामना गर्न सक्ने सामर्थ्य राख्छन् भनेर चिनियाँहरुले मात्र होइन, पश्चिमा टिप्पणीकारहरुले समेत भनिरहेका छन् । प्रशान्त महासागर र दक्षिण चीन सागरको सामरिक प्रतिस्पर्धालाई रोक्न जापान, फिलिपिन्स, भियतनाम लगायतका देशहरुसँग बिग्रिएको सम्बन्ध सुधार्नु, चनिभित्र देखिएको आर्थिक असमानता र सामाजिक असन्तुष्टिलाई कम गर्नु, चीनको बढ्दो प्रभावलाई उचित ढंगले व्यवस्थापन गर्नु, चिनियाँ भूमिकालाई विश्व राजनीतिक मञ्चमा स्थापित गर्दै लानु, आर्थिक विकास र वृद्धिदरलाई बढाउँदै लानु र चीनलाई पहिलो महाशक्ति राष्ट्रमा स्थापित गर्नु सीका मुख्य चुनौतीहरु हुन् ।

## नेपाललाई...

अर्यान पौडेल, सागर बराल, ललित बुढामगर, दीपम थकाली र प्रवेश पण्डितले कांस्य जिते । पुमसेमा आर्यन पौडेल, सुलभ सिम्खडा, दीपम थकाली र रिखमाया गुरुङले कास्यमा चित्त बुझाए । च्याम्पियनसीपमा नेपालसहित दक्षिण कोरिया, चीन, इन्डोनेसिया, म्यानमार, भारत, पाकिस्तान र मलेसियालगायत राष्ट्रले भाग लिएका थिए ।

## छठ...

मनाइन्छ । महिलाले साडी तथा पुरुषले लंगोटी बेरेर लम्पसार परी (नामी दण्डवत) गर्दै आफ्नो घरबाट नदी किनारसम्म जाने प्रचलन छ ।

यो पर्व प्राचीन र रोमाञ्चकपूर्ण मानिएको छ । संस्कृतिविद् डा.रामदयाल राकेशका अनुसार अत्रिमुनीका पत्नी अनुसुयाले परापूर्वकालमा छठ पर्वको सुभारम्भ गरेकी थिइन् । छठमा सूर्यदेवकै उपासना गरेका कारण आफ्ना पतिबाट अगाध स्नेह र माया पाएकी थिएन उनले । द्वापर युगमा महारानी द्रौपदीले पनि यो पर्वको उपासना गरेकी थिइन् । उपासनाकै कारण उनका पति युधिष्ठिरले आफ्नो प्रतिज्ञा पूरा गर्दै कौरवमाथि विजय हासिल गरेका थिए भन्ने जन श्रुति पाइन्छ ।

प्राचीनकालमा एक शक्तिशाली तर, दुष्ट प्रवृत्तिका राजालाई पूर्वजन्मको पापका कारण उनलाई कुष्ठ तथा क्षयरोग लागेको थियो । एक ब्राह्मणको सल्लाहमा राजाले कार्तिक शुक्लपक्षदेखि पञ्चमीको 'खरना' देखि सप्तमीको प्रातः कालसम्म पूर्ण विधिविधानअनुसार छठको अनुष्ठान गरेपछि उनी रोगमुक्त भएको विश्वास छ ।

जापानी संस्कृतिमा पनि सूर्यको उपासना गरिन्छ । सूर्यशक्तिको बारेमा जानकार जापानीले आजको वैज्ञानिक युगमा पनि श्रद्धा र भक्तिका साथ सूर्यको आराधना गर्दै आएका छन् । जापानलाई सूर्योदयको देश पनि भनिने भएकाले त्यहाँ सूर्यको उपासनाको प्राचीन परम्परा छ । बिहानै स्नान गरी सूर्यलाई अर्घ दिँदा सूर्यको शक्ति मानव शरीरमा प्रवेश गर्छ भन्ने तथ्य वैज्ञानिकको अनुसन्धानले पुष्टि गरिसकेको छ ।

पूर्वी, मध्य तथा पश्चिमी तराईका बासिन्दालाई अहिले नजिकिँदो छठका कारण भ्याइनभ्याइ छ । अस्वस्थ्य, निर्धनता र निःसन्तानबाट मुक्ति पाइने जनविश्वासमा छठ मिथिलाञ्चल बढी लोकप्रिय भएको हो । सरल विधि, महत्वाकांक्षी भावना र छुवाछूतरहित भावनाले सामूहिक रूपमा मनाउनु पर्वको प्रमुख विशेषता हो ।

यो बेला व्रतालु जलाशय, नदी, खोला र पोखरीमा नुहाएर पानीमै उभेर सूर्य देवताको पूजा गर्ने चलन छ । पानीमा उभिएका व्रतालुले शुक्रबार बिहान 'भिन्सरवा घाट' अर्थात उदाउँदो सूर्यलाई दोस्रो अर्घ दिएपछि पूजा विसर्जन गर्ने चलन छ । प्रसादका रूपमा बनाइएका मिष्ठान्न परिकार र फलफूल आराध्यदेव सूर्य भगवानलाई अर्पण गरी सर्वसाधारणलाई वितरण गर्ने चलन छ ।

मिथिलाको महान आस्थाको रुपमा परिचित छठ पर्वको लागी स्थानीय नदी र पोखरीको डिलहरुमा घाट निर्माणको कार्यले पुर्णता पाएको छ । महोत्तरीको जलेश्वर, मटिहानी, रामगोपालपुर, पिपरा, बथनाहा, सर्म्सी लगायतका स्थानमा छठको विशेष तयारी हुने गरेको छ ।

## संसारलाई...

हिमपात भइरहँदा पनि हलबाट निस्केर लेनिन मज्जाले नाचेका थिए । उनलाई यसरी नाचेको बारे सोध्दा लेनिनले खुला सभामा भने पेरिस कम्युन ६० दिन टिकेको थियो तर सोभियत क्रान्तिले ६१ दिन पार गऱ्यो । मजदुरको सत्ता यति धेरै दिन जोगिएकोमा म खुसी भएर नाचेको छु । अक्टोबर क्रान्तिको महत्व यहीँबाट प्रस्ट हुन्छ । लेनिनले स्थापित गरेको सोभियत सत्ता १९१७ देखि १९९१ सम्म ७४ वर्ष कायम रहेको थियो ।

सोभियत क्रान्तिका नायक लेनिनले जुझारु बोल्सेभिक पार्टी बनाएर बुद्धिजीवीको बुद्धि र श्रमजीवी जनताको शक्ति एकत्रित गरेका थिए । उनलाई थाहा थियो बुद्धिजीवीसँग ब्रेन हुन्छ, बल हुँदैन । बल श्रमजीवी जनतासँग हुन्छ । युरोपमा पिछडिएको सोभियत संघ छोटै समयमा महाशक्ति राष्ट्रमा कायापलट भएको थियो । यसको श्रेय अक्टोबर क्रान्तिलाई नै जान्छ ।

लेनिनले मार्क्सको विचारलाई व्यवहारमा उतार्ने काम गरे । तल्लो वर्गका शोषित पीडितलाई संगठित गर्दै उनीहरुलाई चेतनशील बनाउन सकियो भने ती सभामा पुग्छन् र युगान्तकारी परिवर्तन गर्न सक्छन् भन्ने उदाहरण हो अक्टोबर क्रान्ति । शासक वर्गले कहिल्यै पनि श्रमजीवी जनतालाई अधिकार किस्तीमा हालेर दिँदैनन् उनीहरुले लडेर लिनुपर्छ भन्ने विश्वव्यापी सन्देश दियो अक्टोबर क्रान्तिले । विश्वमा मानवश्रम जबसम्म रहन्छ, त्यतिबेलासम्म अधिकारका लागि संघर्ष भइरहन्छन् अक्टोबर क्रान्तिको सार यही हो । यो एउटा यस्तो क्रान्ति थियो जसले संसारलाई नै नयाँ दिशा प्रदान गरेको थियो । समाजवादी क्रान्तिका निम्ति विश्व सर्वहारा वर्गलाई अभिप्रेरित गरेको थियो ।

कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले पेरिस कम्युन असफल भएपछि भनेका थिए- कम्युन असफल भए पनि यसले श्रमजीवी वर्गको भावी शासनको रुपरेखा कोर्ने सफलता पायो । मार्क्सले पेरिस कम्युनमा भएको बर्बर दमन क्रुर हत्यालाई मध्यनजर राख्दै सर्वहारा वर्गको अधिनायकत्व चाहिन्छ भनेका थिए । लेनिनले कम्युनिस्ट पार्टीमा आन्तरिक लोकतन्त्र हुनुपर्छ भनेर थप गरे । तर विश्वका थुप्रै कम्युनिस्ट नेताहरुले आन्तरिक लोकतन्त्र होइन, जनवादी केन्द्रियताको कुरा उठाएर कम्युनिस्ट शासनलाई निरंकुश बनाए । लेनिनपछि सोभियत सत्ताको नेतृत्वमा आएका स्टालिन, सांस्कृतिक क्रान्तिका प्रबर्द्धक माओ र पोलपोट, मार्कोसहरुले पार्टीमा आन्तरिक लोकतन्त्र दिएनन् र उनीहरु लाल तानाशाहका रुपमा बदनाम भए । यद्यपि स्टालिनले दोस्रो विश्वयुद्धमा हिटलरलाई हराएर सोभियत भूमिको रक्षा गरेका थिए भने माओले चीनमा जापानी उपनिवेशवादलाई लघारेर चीनको स्वतन्त्रता जोगाएका थिए ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001
JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

नियात्रा

# बेलायतको सेरोफेरो

खोमदत्त बराल



दिनको एक बजि सक्यो । बेलायत यात्राको सबै सामान तयार भए । पोतो पन्तुरो सबै बन्दोबस्त भयो । हिजै मात्र छारीले एउटा ठूलो व्याग चाहिएको भित्र सुनाइछिन । बेलायतमा भन्दा सामानहरु काठमाण्डौमा नै किन्दा सस्तो पर्छ रे । एस.भी एकेडेमीबाट घरै नआई उमाजी बजार तिर हानिइछिन । बजार पनि न्यूरोड क्षेत्रमा मात्र पाइने रहेछ । धोबीलाई घाम चाहियो भन्दैमा राती घाम लाग्दैन । आफूलाई सामान चाहियो भन्दैमा दश नवजी न्यूरोड क्षेत्रमा पसल खुल्दो रहेनछ । व्याग लिएर आउनमा उमाजीले ढिलो गरेको कारण केही नमजा लाग्यो । लागि रहेको छ । फोन पनि गरें । लागेन । एकेडेमीबाट मीनाले एउटा विद्यार्थीको माम्लो सम्बन्धमा दुई पटक फोन गरि सकेको थिइन । झण्डै एघार बजे मात्र उमाजी व्याग लिएर आइ घरमा पुगिन् । सामान प्याक भई सकेकै थियो ।

उमाजी खाना खाने काममा जुटिन् । म चाहि "इन्टरटेन्मेन्टको लिए कुछ भी करेगा" भन्ने सोनीलाइनको कार्यक्रम हेरेर बसे । रस्मी बहिनीले एयरपोर्ट पुऱ्याइदिने भन्नु भएको थियो । समय भइ सक्दा पनि नआएको कारणले म ट्याक्सी लिन गए । ट्याक्सी लिन जानु अघि दुई चार पटक फोन पनि गरे । ट्याक्सी लिन रस्मी बहिनी कै घरको नजिक जानु पर्छ । गाडी घरमै रहेछ । कारण के हो । नानी त आइनन् पो ।

मैले ट्याक्सी लिएर आए । सामान झारे । ट्याक्सीमा राखियो । सामान अलि धेरै भएर हो कि गह्रौ थियो । सुटकेसको ह्याण्डल खस्कियो । जसो तसै सामान झारियो । एयरपोर्ट आई पुगियो । सामान राख्ने ट्रली परपर पुऱ्याएको हुन्छ । ट्याक्सी स्टपबाट ट्रली खोजेर ल्याए । ड्राइभरलाई लागे भन्दा बढी भाडा दिउँला भनेर मिटरमा नै ल्याएको थियो । ट्याक्सीको मिटर व्यवस्था कस्तो हो । मैतीदेवीबाट एयरपोर्ट आइ पुग्दा दुइ चालिस भएछ । बीस रुपैया बढी दिउँला भन्ने थियो । साट्ने पैसा नभएकोले चालिस रुपैया बढी दिनु पऱ्यो ।

मौकाको कुरा जोरपाटीका केशर बराल पनि एयरपोर्टमा भेटियो । उनका साथमा भएका अर्का बराल बन्धुको नाम त थाहा भएन । सामान ट्रलीमा राख्नमा सहयोग भयो । भाइ भए भरोस भनेको यस्तै अवस्थामा होला । सामान जाँच्ने ठाउँमा राख्ने काममा अर्को एक जना पोर्टरले सहयोग गऱ्यो । नियाखाने पैसा माग्यो । श्रमको मूल्य मार्न हुन्न भन्ने दर्शनको मानिस वीस रुपैया चढाइयो । चेकिङ्ग गर्न सामान तौलिन, तुलामा हाल्न पनि उनले सहयोग गरेको थियो । सामान तौलाएर किंग फिसरलाई जिम्मा लगाइयो । आफ्ना हातमा "हाते झोला" बोकेर लागियो अगाडी । किंग फिसरका दुइटा साना बहिनीहरु फरासिलो रहेछन् । राम्रै गरी सहयोग पुऱ्याए । हाते झोला पनि लगभग दश किलो कै थिए होला । इम्बारकेसनमा प्रभा र उनका बाहुनसंग भेट भएको थियो । प्रभा मात्र अमेरिका हिडेकी रहिछिन । छोरा हरुको निमन्त्रणा रे । त्यहीबाट उनीसंग छुटियो ।

अघि बढीयो । हाते झोलाहरु फेरि जचाइयो । जाँचकीले सामानहरु खोल्न लगायो । मसाला, चिउरा आदि इत्यादी । सबै जाँच बुझ गऱ्यो । सर्वस्व जाँच्यो । जीउ समेत छानवीन गऱ्यो । सम्भावित सामान लुकाउने क्षेत्रमा सतर्कता पूर्वक टटोल्यो । बल्ल पास भइयो । तलतिर पूर्व क्षेत्रमा रहेको प्रतिक्षालयमा बसियो । लामै समय बसे पछि भित्र पस्ने । अर्को आदेश आयो । एक घण्टा भन्दा अगाडी नै भित्र पट्टिको प्रतिक्षालय अझ सानो बस्न अप्ठेरो र एसी पनि नभएकोले गर्मी निकै थियो । एसीबाट पानी चुहिरहेको । उराठ लाग्दो । साँची नै रहर मर्दो । अनाकर्षक ठाउँ । भारती मित्रहरुले आफ्नो खुराफात बोलि, बोलिहाले । एवान एयरपोर्ट । के गर्ने, सुनियो ।

अन्तराष्ट्रिय क्षेत्रमा बदनामी कमाउँन सहज मान्ने नेपालीहरु आफ्नै घरमा लज्जापद व्यवहारमा चुक्दैनन् । एयरपोर्ट मर्मतमा घोटाला, सुडान डाफरमा एपीसी सामान किन्न पठाउनमा घोटाला गर्न सक्नेले आफनै एयरपोर्टमा सामान जडानमा आफ्नो भ्रष्ट आचारणको खुवी देखाउँन किन पछि पर्थे र । प्रतिक्षालयमा बसेको अवस्थामा अर्को व्यक्ति आएर छेउमा बस्यो भने सिटहरु पनि चाकाचुली खेले जस्तो बनाएको छ । फरक पाराले । बलियो बनाएर आफूलाई इमान्दार राष्ट्र सेवक बनाउँदा आफू स्वाभिमानले गौरव गर्नु पर्ने थियो । तर दुई चार पैसाको लोभले आफू र आफ्नो कामले बइनाम हुइन्छ भन्ने किन यस पक्षमा नेपालीहर बुझ्दैनन् । गजब छ वा दुई सय खाएर दुई करोडको नोक्सान । यस पटक पनि नेपाली युवाहरु पशस्त बाहिर जाँदै देखियो । एउटा पिटी टिचरले विद्यार्थीलाई कासन गरे जस्तो भु.पु सैनिक जस्तो मानिसले यसो गर र उसो गर भन्दै थियो । गोठालाले भेडा बाख्रा खोर खोर भने झै पचासौ जना वंगाली हावा जहाजबाट कतै गल्फ मुलुकतिर लगारे जस्तो थियो ।

निकै बेर गर्मी प्रतिक्षालयमा बसे पछि गाडीले प्लेन तर्फ लग्यो । किंग फिसर प्लेनका स्टाफले पनि सबै हाते सामान र ज्यान जाँचे महिला फाँटले ढिलो गरेकोले उमाजीलाई पर्खनु पऱ्यो । उमाजीको हाते झोला अलि गह्रौं भएकोले आफैले बोहि दिनु पर्ने थियो । बुढेसकाल ज्यानमा अलि विरामका लक्षण देखिएकाले उमाजीको ज्यान कमसल बनेको छ । जाच्ने काम सकिए छ । उमाजीको झोला समेत बोकेर प्लेन भित्र पसियो । १८ A र १८ B को सिट माथि पट्टि हाते झोला राखिए । प्लेन उड्ने तयारीमा लाग्यो । सबैले आ आफ्नो सिट लिइ सकेको थियो । परिचारिका र परिचारकले आफ्नो काम सुरु गरे । रिफ्रेसर ल्याए । कानमा लाउँने औजार ल्याए । विस्तारै वियर क्यान बाँडे । हामीले कागती पानी जस्तो अमिलो, नूनिलो र गुलियो समेत मिसाइएको "त्रिस्वादिय" पानी पियौ । केही छिन नवित्दै खाने कुरा ल्यायो । चिकन र भेज दुई कित्तामा खानालाई बाडेको रहेछ । भेज कित्ताका खाना मात्र आफ्ना भागमा लेखिएको । त्यसैमा रमाइयो । एक कचौरा साबुदानाको खीर, अलिकति तितो टरो तरकारी सस लाएको फलफूल । यस्तै यस्तै थियो किंग फिसरको सेवा । परिचारक र परिचारिका दुबै सुन्दर, गोरा, राम्रा र आफ्नो काममा पोख्त रहेछन् । सेवामा पनि कुशल भेटिए । तीन जना बस्न हुने लाइनमा झ्याल पट्टि १८ A मा उमाजी बसिन । म बीचको सिटमा परे । छेउतिर दिल्ली मयुर बाघ कि एक युवती आएर बसिन । सिट त्यसै गरी वितरण भएको रहेछ । अन्तैबाट जुराएको होला ।उनको साथी लाइन पारीको सिटमा परिन । एक जना तकला तालु खुइले बुढा परेछ उनी पर्तिर । उनले यस्तो परेकोमा दुःख मानेको अभिव्यक्ति नै आयो । मानिसको मनै त हो । एकै छिन संगै बस्दा पनि नजिकमा राम्रै विपरित लिंगी परोस् भन्ने उनको चाहना । धन्नै हो मनको तिर्सना ।

ती दुईटी युवतीले पनि भेज खाना खाए । खाना के खान्थे । पातली पातली नानीहर । नाक नाक निक निक कोर केटीहरुको प्रवृत्तिगत संस्कार पनि हो । फलफूल पनि छाडे । यस प्राणीले पनि केटीहरु प्रति त्यति चासो नदिएको भए पनि हुने थियो । तर मानव प्राणी मात्र होइन सबै जसो प्राणी नै विपरित संग एकताको चाहना राख्छ । युवतीहरु हिमाल हेर्न चाहदा रहेछन् । काठमाण्डौबाट प्लेन चढना साथ हिमाल देख्न पाइन्छ भन्ने दुईटीको कुराले एउटालाई चासो पलायो । देखिदैन । यति बेला हिउँ देख्न गाह्रै छ । भने पछि दुवै तर्फको बोलि खुल्यो । सामसुङ्ग मोवाइलको मार्केटिङ्गको सिलसिलामा काठमाण्डौ आएर वीस दिन बसेर फर्कदै रहेछन् । पोखरा गएछन् । उसै दिन फिरेछन् । काठमाण्डौ रोयल सिधिं होटलमा बसेका कारण पनि महँगो भएको बताउँदै थिए । सून दिल्लीमा र काठमाण्डौमा कहाँ महँगो भनेर सोध्दै थिए । केटीहरु चलाख, चतुर र व्यवसायिक ज्ञानमा पनि पोख्त रहेछन् । एम वी ए पढेको भन्थे ।

कहाँ बस्छौ भनेर मायालु बोलीले सोधेकी थिइन "अंलका" ले । दिल्लीको एयरपोर्टमा ट्रान्जिटमा बसेर जाने भन्दा अप्ठेरा भए म सग जाउँ पनि भनिन् । कुराचले । रम्रै कुरा भए । विहा नभएका युवतीहरु । घुमघाम गरेर आफूलाई दुनियाँमा भिज्न सिपालु चाहना । यसो भनेका होलान भनियो वास्ता गरिएन । धेरै वेर पछि फेरी पनि म आफै विहानको यात्रा गरौला । मयुर वाघबाट आफ्नै गाडीमा ल्याइदिन्छु । एयरपोर्टमा बस्नु भन्दा आफूसंग जाउँ मलमा ढिपी रह्यो । तर सम्भव थिएन । अर्काका घरमा एकै छिनको चिनजानले पाहुना जानु ठिक थिएन । घरमा को को थिए । सोध्ने खोज्ने बेलै भर्खरै बन्दै थियो । एकाएक ठिक छ तिमीसंग जान राजी छु भनेर कसरी भन्ने । यो धीपी मनले रचीकार गरेन ।

इन्दिरा गाँधो अन्तराष्ट्रिय हवाइ अड्डामा किंग फिसरले पखेटा फटफटाउँदै आफैमा समेट्यो । प्लेन रोकियो । केटीहरु सुखमय यात्राका कामना राख्दै छुट्टिए । उनीहरुसंग हाते झोलामा ल्यापटप मत्र भएकाले निस्कन सहज भयो । हिडे । हामी पनि आफ्ने पारमा लम्कियौं । किंग फिसरको कार्यालयमा गइयो । सामान जचाइयो । बोर्डिङ्ग पास लिएर तलामाथि चढयौं । आफूलाई रेष्टरुम जानलाई ढिला हुँदै थियौ । झोला विसाएर एकछिन थरक मारे पछिको रेष्ट रुमको खोजिमा निस्केको त हवाइ जहाज चढने गरे तर्फको क्षेत्रमा पो प्रवेश भएछ ।

वास्तवमा सपिङ्ग क्षेत्रमा पनि बस्ने र सुत्ने क्षेत्रहरु थिए । कुर्सी र खुट्टा पसनि स्थान पनि राम्रै रहेछन् । तर रेष्टरुम अलि टाढा र असुविधा भएको क्षेत्र रहेछ । यसैले वाहिर गेट तर्फको प्रतिक्षालयमा आइयो । सुत्न मिल्ने गरी वाङ्गखाट (सिट) हरु बनाइएका । ढाडलाई ठाडो पार्ने गरी टाउको राख्ने सिरानी समेत भएको वाङ्गो खाट खुट्टा चाहि ओरालो भागमा पसार्नु पर्ने र चाकेका भाग चाहि खाल्डो भागमा पर्ने गरी बनाइको यो बाङ्गे खाटमा रात काटियो । निन्द्रा अलि पातलो मात्र लाग्यो । उमाजी भने राम्रै सुतेको सूचना पाइयो ।

यी वाङ्ग खाटहरु लहरै आठवटा छन् । हामी आइ पुग्दा वरिपरिका खाटहरु भरिएकाले विच खण्डमा खुम्चिन पाइयो । यहाँ एउटा सूचना चाहि माइकबाट पटक पटक वारम्बार प्रचार गरेको पाइन्छ । सूचना "सभी यात्रु ओ से अनुरोध है, किसि भी समय मे अपने सामान लावारिस नछोडे" भनि रहन्छ । यो सूचना सुन्दा मैले २०२८ सालतिर भारतीय पत्रकार बन्धुहरुले धर्मयुग पत्रिकामा चीन यात्रा गरेर लेखेको अनुभव सम्झे ती पत्रकारले सम्झना उतारेका थिए । चीनको यात्राभरी कही कतै चोरी को कुरा सुन्नु र पढ्नु परेको थिएन । हङ्कङ्ग आएपछि भने चोर से सावधान पाकेट माराबाट सावधान नै लेखेको देखेर चीनमा भएको सुधारको कुार लेखेको थियो । वास्तवमा यी अराजक मुलुकमा सुधारको सम्भावना कसै हुन्छ भने झै छ । हालमा पनि भारतले आफ्ना नागरिकहरुलाई अनुशासित बनाउँन सकेको छैन । हालमा यति वेला २०११ का जुलाई को विहानको पौने आठमा यही एयरपोर्ट कै एउटा कुनामा चारजना युवाहरु तास खेल्दै थिए । के कुरा मिलेन ठूलो स्वरमा झगडा गरे खेल्न छोडेका छन् । तर विवाद र झगडा मत्थर भएको छैन ।

इन्दिरा गाँधी अन्तराष्ट्रिय विमान अड्डा विसाल छ । सफा सुग्घर छ । यत्रो २७ वटा गेट भएको एयर पोर्ट सम्पूर्ण कार्पेटिङ्ग गरेको छ । रातभर यसै ठाउँमा सुतियो । मच्छर एउटा छैन । वाथरुममा एउटा मानिस जान्छ । सफ ागर्ने मानिस त्यही छ । काठमाण्डौमा जस्तो वाथरुम जाना साथ प्रत्येक व्यक्तिसंग पैसा लिने चलन छैन । काम गर्ने मानिसलाई नजिकै कोठा दिएको छ । फोहर कतै छैन । फोहोर फ्याक्ने भाडाहरु सफा छन् । सफाइको अव्वल दर्जाको चासो राखिएको छ । मोटर जडित मेसिनले फोहोर भेला गर्छ । मर्मत गर्ने कर्मचारी संगै हुन्छन् । ट्ली मिलाएर राखिएको छ । काठमाण्डौमा जस्तो जतातत‌ै छरेको पाइदैन । यति ठूलो विमान अड्डाको व्यवस्थापन निश्चय पनि सिक्न योग्य छ ।

(क्रमश)